# महास्वप्न जातक



मूलपालि अनुवादक

**आचार्य भिक्षु अमृतानन्द**

आनन्दकुटी

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## ( नेपाली भाषा )

(१) बौद्ध प्रश्नोत्तर
(२) बौद्ध दर्शन
(३) नारी हृदय
(४) बुद्ध शासनको इतिहास
(५) पटाचारा
(६) ज्ञानमाला
(७) बुद्ध र वहाँको विचार
(८) शान्ति
(९) बौद्ध ध्यान
(१०) पञ्चशील
(११) लक्ष्मी
(१२) उखानको कथा संग्रह
(१३) तथागत हृदय
(१४) महास्वप्न जातक
(१५) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१६) मिलिन्द प्रश्न १, २
(१८) श्रमण नारद
(१९) वेस्सन्तर जातक
(२०) सतिपट्ठानाभावना
(२१) बौद्ध विश्वास भाग-१, २
(२३) बौद्ध दर्पण
(२४) सप्तरत्न धन
(२५) सफलताको रहस्य
(२६) मानव महामानब
(२७) निरोगी
(२८) जातक कथा
(२९) सतिपट्ठान विपस्सना
(३०) प्रज्ञा चक्षु
(३१) परित्राण
(३२) पूजाविधि र कथा संग्रह-द्वि.
(३३) मैले बुझेको बुद्ध-धर्म
(३४) आमाबाबु र छोराछोरी
(३५) स्नेही छोरी
(३६) परित्तसुत्त (पाली भाषा)
(३७) बुद्ध र बुद्ध धर्मको......
(३८) बुद्ध र बुद्धपछि
(३९) धम्मवती
(४०) बौद्ध-ज्ञान
(४१) संक्षिप्त बुद्ध-जीवनी

## Dharmakirti Publication

### ( English )

1. Buddhist Economics & The Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. Dharmakirti in a Nutshell

Downloaded from http://dhamma.digital

# महास्वप्न जातक

मूलपालि अनुवादक

आचार्य भिक्षु अमृतानन्द

आनन्दकुटी

नेपाली अनुवादिका

अ. सरणशिला

(सकुन्तला)

Downloaded from http://dhamma.digital

प्रकाशक—

धर्मकीर्ति बौद्ध अध्यन गोष्ठी

धर्मकीर्ति विहार

श्रीघः नघलटोल

फोन : २२०४६६

बुद्धसम्बत् : २५३७

नेपालसम्बत् : १११३

विक्रमसम्बत् : २०५०

ईस्वीसम्बत् : १९९३

द्वितीय संस्करण— १२०० प्रति

मुद्रक—

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं, नेपाल।

फोन : २२ १० ३२

Downloaded from http://dhamma.digital

# स्वर्गीय श्री हिरण्यलाल वज्राचार्य



जन्म :— सन् १९४२ सेप्टेम्बर १७

मृत्यु :— सन् १९९२ जुलाई ३१

Downloaded from http://dhamma.digital

# स्वर्गीय श्री हिरण्यलाल बज्राचार्यज्यूको संक्षिप्त जीवनी



जन्म :— सन् १९४२ सेप्टेम्बर १७

मृत्यु :— सन् १९९२ जुलाई ३१

वि. सं. १९९९ कार्तिक महिना तदनुसार इ. सं. १९४२ सेप्टेम्बरमा नेपाल, काठमाडौं शहरको वटु मूवहालमा जन्मनु भएका स्वर्गीय श्री हिरण्यलाल बज्राचार्य स्वर्गीय श्री मोहनलाल बज्राचार्य तथा माया देवी बज्राचार्यका कान्छो पुत्र हुनुहुन्थ्यो ।

वहाँ १ वर्ष ५ महिना हुँदा पिताको स्वर्गवास भएकोले वहाँको माता र दाजुहरूका स्नेहपूर्ण रेखदेखमा वहाँको बालककाल ब्यतित भयो। सानैदेखि प्रतिभाशाली, लगनशील

Downloaded from http://dhamma.digital

र मेहनती भएकोले साधारण विद्यालयमा पढ्नु भएता पनि १४ वर्षको उमेरमा एस. एल. सी. परिक्षा उत्तीर्ण गर्नु भई १८ वर्षको उमेरमा वहाँले बी–कमको स्नातक डिग्री हासिल गर्नु भएको थियो।

त्यस बेला वहाँको दाजु श्री माणिकलाल बज्राचार्य नयाँ दिल्ली स्थित शाही नेपाली राजदूतावासमा जनसम्पर्क अधिकारीको पदमा कार्यरत हुनु भएकोले वहाँले स्वर्गीय बज्राचार्यलाई स्नातक पछि पढाई गर्न दिल्ली लैजानु भई C. A. पढ्न लगाउनु भयो। लगनशील र ज्यादै मेहनती भएको हुनाले एक पटक पनि असफल नभई उक्त परीक्षा पास गर्नु भई नेपालको द्वितिय C. A. हुनुभयो।

यसरी आफ्नो मेहनत, लगन र दाजुको प्रेरणाबाट समयमै C. A. हुनुभएकोले वहाँले सजिलैसंग नेपाल राष्ट्र बैंङ्कको बैङ्किंग शाखामा सह–मेनेजर ( द्वितीय श्रेणी ) मा नियुक्ति पाउनु भयो। आफ्नो काममा निष्ठावान् र काम गर्ने जोश भएकोले नेपाल राष्ट्र बैंङ्कमा प्रवेश गर्नु भएदेखि नै वहाँले अति निष्ठावान भई योग्यतापूर्वक आफ्नो काम लगनतापूर्वक गर्नु भएकोले समय समयमा वहाँको कामको कदर भई पदोन्नति हुँदै नेपाल राष्ट्र बैंङ्कको एउटा महत्वपूर्ण पदाधिकारीको रूपमा आफ्नो चिनारी स्थापित गर्नु भयो। नेपाल राष्ट्र बैंङ्कमा रहनु हुँदा उक्त बैंङ्कको बिराटनगर

Downloaded from http://dhamma.digital

शाखा प्रमुखको हैशियतबाट काम गर्नु भई उक्त शाखालाई नयाँ दिशा प्रदान गर्नु भएको थियो। त्यसपछि अमेरिकामा अफिसर ट्रेनिङ्गको निमित्त विश्व बैङ्कमा जानुभई ट्रेनिङ्ग हासिल गर्नु भयो। त्यहाँबाट फर्केपछि नेपाल राष्ट्र बैङ्कको महत्वपूर्ण पदहरू लेखानियन्त्रक, प्रमुख लेखापाल आदि पदमा काम गर्नु भयो।

वहाँको अति राम्रो कामबाट प्रभावित भई वहाँलाई विशेष तालीमको निमित्त I. M. F. (International Monetary Fund) मा करीब दुई वर्ष सीनियर लेबलको निमित्त खटाइयो। वहाँको कर्तव्य निष्ठा र काम प्रतिको लगनशीलताले गर्दा I. M. F. एवम् विश्व बैङ्कमा वहाँको नाम श्रद्धापूर्वक लिइन्छ। यसको अलावा वहाँको मिलनशीलता, स्पष्ट वक्ता र नेपालको राष्ट्रिय अर्थ नीति सम्बन्धमा गहिरो अध्ययन र अनुभव भएकोले धेरै जसो देशका बैङ्किङ क्षेत्रमा स्वर्गीय श्री हिरण्यलाल वज्राचार्य लोक प्रिय मात्र होइन वहाँको विचारलाई गम्भिरतापूर्वक लिइन्छ।

तालीम पूरा गरी वहाँले नेपाल राष्ट्र बैङ्कको बैङ्किङ कार्यालयको प्रमुख प्रबन्धक, बैङ्किङ अपरेशनको जस्ता अति प्रमुख महत्वपूर्ण पदमा काम गर्नु भयो। नेपाल राष्ट्र बैङ्कले वहाँको कामको कदर गरी कार्य कारणी निर्देशक पदमा राखी बैङ्किङ सम्बन्धी महत्वपूर्ण निर्णय र कार्यान्वयनमा वहाँको विचारलाई गम्भिरतापूर्वक लिने गर्दथे।

Downloaded from http://dhamma.digital

नेपाल राष्ट्र बैङ्कको अलावा वहाँले N. I. D. C. नेपाल बैङ्क लिमिटेड, राष्ट्रिय बाणिज्य बैङ्क, कृषि विकास बैङ्क, नेपाल विद्युत प्राधिकरण आदिमा पनि निर्देशकको रूपमा राम्रो योगदान गर्नुभएको थियो। N. I. D. C. मा त अध्यक्ष कै रूपमा दिशा निर्देशन पनि गर्नुभएको थियो। एशियाली बैङ्क तथा अरू देशका सेन्ट्रल बैङ्कहरू संग वहाँको राम्रो सम्बन्ध थियो।

साँच्चै भन्ने हो भने नेपालको राष्ट्रिय अर्थ नीति र त्यसको परिचालन एवम् बैङ्किङ नीतिमा वहाँको योगदानलाई बिर्सन सकिन्न। थाई बिमानको अत्यन्त दुःखद जुलाई ३१, १९९२ मा नेपालको घ्याङ्गफेदीमा भएको दुर्घटना वहाँको मृत्यु हुन गएकोले नेपालले एक योग्य, कर्मठ र इमान्दार एवम् मेहनती देशको व्यवस्थामा राम्रो योगदान गर्न सक्ने ब्यक्ति गुमाएको छ। वहाँको निधनले देशलाई त क्षति भयो नै, वहाँको परिवारमा त बज्र नै गिन्यो। वहाँ नेपाल राष्ट्र बैङ्कको गभर्नर भएर आफ्नो परिवारको प्रतिष्ठा बढाउने स्वप्न वहाँका दाजुहरू खासगरी श्री माणिकलाल बज्राचार्यको नै विध्वंस हुन गयो। डेपुटी गभर्नरको पदमा रहेर वहाँले के कति महत्वपूर्ण कामहरू गर्नुभएको थियो र वहाँको २१ वर्षको कार्यकालमा वहाँले नेपाल राष्ट्र बैङ्कमा के कस्तो कार्य गर्नुभयो त्यो त वहाँको रिकार्डबाट नै स्पष्ट हुन्छ।

Downloaded from http://dhamma.digital

तर बैङ्किङ प्रवर्द्धनमा वहाँको योगदान नेपालले शायद बिर्सन सक्ला ।

स्वर्गीय श्री हिरण्यलाल बज्राचार्यले अनेकौं अन्तरराष्ट्रिय बैङ्किङ सम्बन्धी सम्मेलनहरूमा भाग लिनु भै विश्व कै बैङ्किङ प्रणाली बारे प्रशस्त अनुभव र प्रशिक्षण प्राप्त गर्नुभएको थियो। यसै सिलसिलामा वहाँ अष्ट्रेलियाको सिडनीमा भएको बैठकमा भाग लिई फर्कनु हुँदा हवाई दुर्घटनामा पर्नु भै वहाँको देहान्त भएको हो। सोभियत सङ्घ तथा अफ्रिकाका देशहरू बाहेक विश्वका प्रायः जसो जम्मै देशहरूको भ्रमण गर्नु भै त्यहाँका आर्थिक सञ्चालन बारे अध्ययन गर्ने अवसर पनि पाउनु भै स्वर्गीय श्री हिरण्यलाल बज्राचार्यले आफ्नो क्षेत्रमा निकै निपुर्णता हासिल गर्नुभएको थियो। स्वभावले शान्त र सीधा अति मिलनसार हुनु भएता पनि आफ्नो काममा पक्षपात, दवाव वा प्रलोभनमा नपरी नियम, कानूनका पालन जे जस्तो परिस्थितिमा पनि पालन गर्ने स्वर्गीय श्री हिरण्यलाल बज्राचार्य एक कर्तव्य परायण र निष्ठावान कर्मचारी हुनु हुन्थ्यो भन्ने कुरामा दुई मत हुनै सक्दैन। वहाँकों कामको कदर स्वरूप श्री ५ महाराजाधिराज सरकारबाट वहाँलाई सुप्रसिद्ध गोर्खा दक्षिण बाहु तक्मा प्रदान गरिबक्सेको थियो। वहाँले नेपालीहरूले नेपाल मै रहेर चार्टर एकाउन्टेण्ट गर्न पावस भनी चार्टर एकाउन्टेण्ट एशोसियसन खोल्न पनि योगदान गरी नेपालीले सी. ए. नेपालमा नै जाँच

Downloaded from http://dhamma.digital

दिई हासिल गर्न सक्ने व्यवस्था मिलाउनमा पनि प्रमुख योगदान गर्नुभएको थियो ।

वहाँकी श्रीमती पन्नादेवी बज्राचार्य र तीन छोरीहरू क्रमशः सुश्री सङ्गीता बज्राचार्य, सुश्री सुलोचना बज्राचार्य एवम् सुश्री सबिना बज्राचार्यलाई टुहुरो बनाई वहाँ काँचो उमेर मै स्वर्गवास हुनु भएकोले वहाँको परिवारलाई यो अत्यन्त गाह्रो दुःख सहने शक्ति प्रदान गरोस् र वहाँको दिवंगत आत्मालाई चिर शान्ति मिलोस् भनी वहाँका परिवारका सबै सदस्यहरू तथा वहाँका समस्त मित्रहरूले श्री पशुपतिनाथ एवम् श्री भगवान बुद्धमा प्रार्थना गर्न यो छोटो लेख प्रकाशित गरिएको हो ।

आफ्नो सबभन्दा प्रिय र समयसमयमा वहाँलाई सरसल्लाह एवम् हौसला भाइ स्वर्गीय श्री हिरण्यलाल बज्राचार्य यसरी अकस्मात हवाई दुर्घटना परी स्वर्गवास भएकोमा वहाँको दाजु श्री माणिकलाल बज्राचार्य ज्यादै दुःखी र निराश हुनु भएको छ । वहाँ भन्नुहुन्छ "भाइलाई पढाई योग्य तुल्याएकोले नेपाल राष्ट्र बैङ्कको गभर्नर भै निजले देशको बैङ्किङ क्षेत्रमा एउटा नयाँ दिशा दिई देशको अर्थ व्यवस्थालाई उचित ढङ्गबाट सञ्चालन गर्न मदत गरी आफ्नो देशलाई आर्थिक दृष्टिबाट सम्पन्न गर्न मदत गरी मेरो धेरै वर्ष देखिको इच्छा पूरा गर्ने बेला मैले यो शोक भोग्नु पर्‍यो । त्यसकारणबाटै मलाई हृदयरोग, अलसर आदि

Downloaded from http://dhamma.digital

बिमारीबाट ग्रस्त हुनुपर्‍यो। साथै वहाँको परिवारको रेखदेख गर्ने थप जिम्मेदारी पनि यो बुढेशकालमा बोक्न पर्‍यो" भनी निरन्तर शोक व्यक्त गर्नुहुन्छ।

दिवंगत श्री हिरण्यलाल बज्राचार्यको आत्मालाई चिर शान्ति मिलोस् भनी सबैले प्रार्थना गरौं।

बालुबाटार, प्रार्थयिता,
काठमाडौं, नेपाल। श्रीमती पन्नादेवी बज्राचार्य (पत्नी)
सुश्री सङ्गीता बज्राचार्य (छोरी)
सुश्री सुलोचना बज्राचार्य (छोरी)
सुश्री सबिना बज्राचार्य (छोरी)
श्री पूर्णलाल बज्राचार्य (जेठो बाजु)
श्री माणिकलाल बज्राचार्य (माहिला बाजु)
श्रीमती लक्ष्मी बज्राचार्य (दिदी)
सुश्री सानु बज्राचार्य (दिदी)

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# केही कुरा

प्रस्तुत पुस्तिकामा नेपाल अधिराज्यका सबै बौद्धहरूले प्रारम्भिक रूपमा जान्नु सिक्नु पर्ने केही कुरा उल्लेख भएको छ। अतः प्रस्तुत पुस्तिका कुनै पनि बौद्धको दैनिक जीवनको लागि उपयोगी हुनेछ।

हामी समस्त गुभाजु, शाक्य, तुलाधर, मानन्धर, महर्जन आदि र भोटे, शेर्पा, लाप्चे, तामाङ्ग, गुरुङ्ग, थकाली, मनांगे तथा शेरचन आदि बौद्ध गृहस्थीहरूले नित्य पालन गर्नुपर्ने पञ्चशील र त्रिशरण जाने कुरा यसमा देखाइएको छ। दिनहुँ स्मरण गरी पूजापाठ गर्न योग्य केही गाथा र सूत्रहरू पनि यसमा समावेश भएका छन्।

बौद्ध भनाउँदा हामीहरूले सबभन्दा पहिले बुद्ध भनेका को हुन् भन्ने कुरा चिन्नु र जान्नु परेको छ।

बुद्ध भनेका पुरुष कुनै देवी द्यौता होइनन्। न कुनै ईश्वर वा ईश्वरका अवतार नै हुन्। बुद्ध त हाम्रै नेपाल अधिराज्यको लुम्बिनी अञ्चलको लुम्बिनी उद्यानमा २६ शय वर्ष अघि जन्मिनु भएका शुद्धोदन महाराजका पुत्र सिद्धार्थ गौतम नै बुद्ध हुनुहुन्छ। जसले यसै जीवनमा बुद्धत्व ज्ञान प्राप्त गर्नुभयो।

Downloaded from http://dhamma.digital

सीधा दिनेलाई स्वर्ग र नदिनेलाई नरक पठाउने ठेकेदार वहाँ होइन। वहाँले पाप गर्नेलाई नरक पुण्य गर्नेलाई स्वर्ग पठाउने जिम्मा पनि लिनुभएको छैन। यसको जिम्मा त आफैमा निहित छ भनी वहाँ भन्नुहुन्छ। वहाँले कसैलाई नरकको डर त्रास र कसैलाई स्वर्गको प्रलोभन पनि देखाउनु हुन्न। वहाँले त केवल निर्वाणको बाटो मात्र देखाउनु हुन्छ। जो जस्तो मार्गमा लाग्छ ऊ उस्तै फल पाउँछ भन्ने वहाँको भनाई हो। वहाँ एक मार्गदर्शक कल्याणकारी महापुरुष हुनुहुन्छ।

एकदिन बुद्धका काकाका छोरा महानाम शाक्यले भगवान्सँग "भन्ते ! कसरी उपासक हुन्छ ?" भनी सोद्धा भगवानले "महानाम ! जब मानिस बुद्ध धर्म तथा सङ्घको शरणमा पर्छ तब उसलाई शीलवान् उपासक भन्दछन्" भनी भन्नुभएको थियो।

वहाँ भन्नुहुन्छ— प्रत्येक पुरुषको मालिक आफै नै हो। अरू कोही हुन सक्दैन। आफ्नो मालिक आफै भएको हुनाले गर्नुपर्ने काम पनि आफैले गर्न सक्नुपर्छ। अर्काको भर पर्नु हुन्न। त्यसैले आचरण गर्नुमा नै बुद्ध धर्मले विशेष जोड दिएको हो। न कि कर्मकाण्डमा। तर आज हामी बौद्धहरूले यी मूलभूत कुरालाई प्रायः बिर्सिसकेका छौं। बुद्धको मूल उपदेशलाई सम्झनु पर्ने र जान्नु पर्ने अवस्था आएको छ।

Downloaded from http://dhamma.digital

केही धर्मावलम्बीहरूले झैं हाम्रा शाक्यमुनि बुद्धले कसैलाई पाखा र कसैलाई काखामा राख्ने नीति अपनाउनु हुन्न ।

अतः हामी समस्त बौद्धहरू सचेत हुनु परेको छ । हामी थोरै छैनौं । हामी धेरै छौं ।

वहाँको शुद्ध बुद्ध-धर्ममा हामीले सक्दो अभ्यास गर्नेतिर कदम चाल्नु परेको छ । लागिसकेको नराम्रो बानीलाई छाड्नु केहिछिनको लागि गाह्रो जस्तो लागेता पनि सुधार्न नसक्ने त होइन । बानी नलागेसम्म मुश्किल जस्तो लागेता पनि बानी भइसकेपछि सरल र सुगम हुने नै छ । जहिले जहिले सकिन्छ उहिले उहिले शील पालन गर्ने अभ्यास बढाउन सक्नु परेको छ । "सक्दैनौं" भनी हात खुट्टा छाडनु ठीक होइन । यो सम्झनु हुन्न कि पञ्चशील मध्ये कुनै एक त्रुटी हुँदैमा सबै निस्फल हुन्छ । जति पालन गरिन्छ त्यतिको फल अवश्य पाइने छ भन्ने सकारात्मक भावना मनमा राख्न सक्नुपर्छ । यसै लक्षलाई अँगाली हामी बौद्धहरू अगाडि बढ्नु परेको छ । अगाडि बढ्नको लागि कदम नै चालेनौ भने कसरी हामी लक्षित ठाउँमा पुग्न सकौंला र ? कसरी हामी बुद्ध वा बोधिसत्व हुन सकौंला !! अतः कदम बढाऔं, भूल र त्रुटीलाई सुधारौं—यहीं आजको आवश्यकता हो ।

जन्मले कुनै काम सिद्ध हुन्न, कर्मले नै सिद्ध हुन्छ । यही बुद्धको मूल मन्त्र हो ।

Downloaded from http://dhamma.digital

यस्तो पुस्तिका प्रकाशित भएमा बौद्धहरूको दैनिक जीवनको लागि सहयोग पुग्न सक्लाकि भन्ने विचार गत केही वर्ष अघि बैशाख पूर्णिमाको महोत्सवको निमित्त संखुवासभा चैनपुरमा जाँदा मेरो मनमा लागेको थियो ।

धर्मकीर्ति अध्ययन गोष्ठीले यस पुस्तक प्रकाशित गरिदिएकोले धन्यवाद ज्ञापन गर्दछु ।

आनन्दकुटी विहार, स्वयम्भू —भिक्षु अमृतानन्द
काठमाडौं, नेपाल । श्रावण १, २०४५
फोन– २-२४४२०

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

आचार्य भिक्षु अमृतानन्दद्वारा रचित प्रस्तुत ग्रन्थ "महास्वप्न जातक" प्रकाशन गर्न पाउंदा हामीलाई गर्वानुभव भइरहेको छ। यो हाम्रो १५८ औं प्रकाशन हो।

भगवान बुद्धले प्रस्तुत जातकमा कोशल नरेशले देखेको सपनाहरूको मूलतः परिणाम के हो भन्ने कुरा दर्शाउनु भएको थियो। अनौठो-अचम्म एवं अद्भूत सपनाहरू देखी डर-भयले त्रसित भएका कोशल नरेशले पशुबलि, होम आदि गर्ने निधो गर्छन् र यति नै बेला उनको बुद्धिमती महारानी मल्लिकादेवीले बुद्धसमक्ष लग्छिन्। त्यसबेला बुद्धले भन्नुभयो— "सपना दुष्परिणामको छैन, भय-त्रास आउने देखिँदैन; परन्तु सपना त भविष्य दर्शक छ। भविष्यमा (कलियुगमा) के कस्तो हुन्छ, सामाजिक एवं धार्मिक जनजीवनमा के कस्ता विकृतिहरू देखा पर्ने हुन्छ भन्ने कुराको सूचक हो। यी सपनाहरू त केवल भविष्यत संसारको स्वरूप मात्र हो। अतः महाराज! सपनादेखि डराउनु पर्ने कुरै छैन।" यसरी विस्तृत रूपमा सपना सम्बन्धी कुरा सुनेर कोशल नरेशलाई चिन्ताबाट मुक्ति मिल्यो। सपना सम्बन्धी कुराहरू आजको संसारमा अधिकांश हामीले खूब भोगी रहेका छौं।

Downloaded from http://dhamma.digital

गतवर्ष २०४९ मा थाइविमान दुर्घटना भएको थियो जस्मा अति मिलनसार एवं समाज सेवी श्री हिरण्यलाल बज्राचार्य पनि पर्नु भएको थियो। वहाँकै पुण्य स्मृतिमा श्रीमती पन्नादेवी र सपरिवारद्वारा बुद्धभाषित ग्रन्थ प्रकाशन गर्ने इच्छा राखी आवश्यक आर्थिक सहयोग गर्नुभयो। यस पुण्यको प्रभावले दिवंगत श्री हिरण्यलाललाई जन्म, बृद्ध, रोग र मरण रहित निर्वाणपद प्राप्त होस् भनी कामना गर्दछु।

पुस्तक प्रकाशनमा आवश्यक आर्थिक सहयोग पुऱ्याउनु भएकोमा श्रीमती पन्नादेवी र सपरिवारलाई धन्यवाद नदिई सविदन साथमा दुःखमा धैर्य धारण गर्न सकोस् भन्ने कामना गर्दछु। त्यस्तै पूज्य अश्वघोष भन्तेलाई धेरै धन्यवाद र साधुवाद छ, जस्ले आफ्नो व्यस्तताको ख्याल नगरी सम्पूर्ण प्रेसको भार ग्रहण गर्नु भई समयमै ग्रन्थ प्रकाशन गर्नमा टेवा दिनुभयो। त्यस्तै प्रुफ हेरिदिनु भएकोमा कोण्डण्य भन्तेलाई पनि धन्यवाद छ। अस्तु॥

धम्मवती
(अध्यक्ष)
धर्मकीर्ति विहार
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# त्रिरत्न वन्दना

नेपाल अधिराज्यका बौद्धहरूले दिन प्रतिदिन संस्मरण तथा आफ्नो मङ्गलको निमित्त गर्नुपर्ने केही बुद्धका गुणहरूको सूत्रहरू यहाँ उल्लेख गरेको छु ।

अगाडि उल्लिखित त्रिरत्नको गुण पाठ गर्नाले सबैको मङ्गल हुनेछ ।

त्रिरत्नको गुणानुस्मरण नै बुद्ध, धर्म तथा सङ्घको वन्दना हो ।

कुनै व्यक्तिलाई मात्र 'बुद्ध' भनिएको होइन । बोधिज्ञान प्राप्त गर्ने जुनसुकै व्यक्तिलाई पनि बुद्ध भनिन्छ । आजको युगमा त्यसरी बोधिज्ञान प्राप्त गर्ने महापुरुष शाक्यमुनि नै "बुद्ध" हुनुहुन्छ । अतः अगाडि लेखिएको सूत्रमा बुद्धका नौवटा, धर्मका छवटा तथा सङ्घका नौवटा गुणहरूको संस्मरण गर्नु नै बुद्धवन्दना हो ।

बुद्धवन्दना भन्नु नै बुद्धको गुणलाई अनुस्मरण गर्नु हो । यो कुनै देवी देवताहरूलाई गर्ने जस्तो पूजा वा प्रार्थना होइन । यदि कुनै बौद्धले कुनै देवी देवतालाई झैं सम्झी बुद्धलाई पूजा गर्छन् भने त्यो गलत हो । नौवटा बुद्धगुणले युक्त हुनु भएका

Downloaded from http://dhamma.digital

भगवान् बुद्धले प्राणीहरूप्रति असिम करुणा राखी बताउनु भएको उपदेशलाई 'बुद्ध धर्म' भनिन्छ । त्यो धर्मको गुण छवटा छन् । यी छ गुण वा लक्षणले युक्त धर्म नै 'बुद्ध धर्म' हो । शङ्ख जस्तै शुद्ध गरी यो धर्मलाई पालन गर्नको निमित्त गृहत्याग गरी काषायवस्त्र धारण गरी त्यागी—जीवन बिताई बुद्धका शिष्य भएका भिक्षुहरू नै "सङ्घ" हो । सङ्घ दुई प्रकारका छन् । आर्य सङ्घ र सम्मति सङ्घ । आर्य सङ्घ भनेको बुद्ध भगवान्को उपदेश अनुसार आचरण गरी जन्म मरणबाट मुक्त भएका भिक्षुहरू हुन् । सम्मति सङ्घ भनेको जन्म मरणबाट मुक्त नभएका भिक्षुहरू हुन् ।

यी तीन पात्रलाई 'बुद्धरत्न, धर्मरत्न तथा सङ्घरत्न' भनिन्छ । यी नै तीन पात्रलाई 'त्रिरत्न' भनिएको हो । अर्थात् 'तीनरत्न' भनिएको हो ।

यी त्रिरत्नको गुणानुस्मरण गर्नु बौद्धहरूको परम कर्तव्य हो । अर्थ बुझी यसरी गुणानुस्मरण गर्नाले आफू पनि यी गुणहरूले युक्त भई बुद्ध जस्तै हुनसकुँ भन्ने भावना मनमा आउन सक्छ । मनमा त्यस्तो भावना आएपछि आफू पनि उक्त गुणहरूले युक्त हुने प्रयत्न गर्छ । प्रयत्नको पहिलो खुड्किलो हो शील पालन गर्नु । शील भनेको आफैंले पालन गर्नु पर्ने नियम हो; प्रतिज्ञा हो । "यस्तो गर्दिन, यस्तो गर्छु" भन्ने मनको अठोट हो । मनको सङ्कल्प र चेतना हो ।

Downloaded from http://dhamma.digital

"शील" धेरै प्रकारका भएता पनि गृहस्थीहरूको निमित्त बुद्ध भगवान्‌ले सर्वप्रथम पञ्चशील पालन गर्ने र विशेष अवस्थामा अष्टशील पालन गर्नुपर्ने कुराको उपदेश दिनुभएको छ।

पञ्चशील भनेको पाँचवटा नियम अथवा प्रतिज्ञा हो। यी हुन्—

(१) प्राणीघात गर्दिन भन्ने प्रतिज्ञा।
(२) अर्काको वस्तु चोरी गर्दिन भन्ने प्रतिज्ञा।
(३) व्यभिचार गर्दिन भन्ने प्रतिज्ञा।
(४) असत्य कुरा गर्दिन भन्ने प्रतिज्ञा।
(५) मदिरापान गर्दिन भन्ने प्रतिज्ञा।

यसैलाई "पञ्चशील" भनिएको हो।

## पञ्चशील ग्रहण गर्ने विधि—

कुनै गृहस्थ पुरुष वा स्त्री कुनै बुद्धमूर्ति वा भिक्षु भएको ठाउँमा गई भिक्षुलाई श्रद्धापूर्वक पञ्चाङ्ग प्रतिष्ठित गरी तीनचोटि वन्दना गर्नुपर्छ।

पञ्चाङ्ग प्रतिष्ठित भनेको दुई घुँडा र दुई हात भुइँमा राखी टाउकोले भुइँमा ढोग्नेलाई भनिएको हो।

यसरी तीनपटक वन्दना गरिसकेपछि टुक्रुक्क बसी दुई हात जोडी भिक्षुसँग यसरी प्रार्थना गर्नुपर्छ—

Downloaded from http://dhamma.digital

"ओकास ! अहं भन्ते ! तिसरणेन सह[1] पञ्चसीलं-धम्मं याचामि। अनुग्गहं कत्वा सीलं देथ मे भन्ते।"

"दुतियम्पि ओकास ! अहं भन्ते ! तिसरणेन सह पञ्चसीलं-धम्मं याचामि। अनुग्गहं कत्वा सीलं देथ मे भन्ते।"

"ततियम्पि ओकास ! अहं भन्ते ! तिसरणेन सह पञ्चसीलं-धम्मं याचामि। अनुग्गहं कत्वा सीलं देथ मे भन्ते।"

अर्थ—

"भन्ते ! वचन दिनुहोस्। म त्रिशरण सहित पञ्चशील-धर्म याचना गर्छु। अनुग्रह गरी मलाई शील दिनुहोस्।"

"दोस्रो पटक पनि भन्ते ! वचन दिनुहोस्। म त्रिशरण सहित पञ्चशील-धर्म याचना गर्छु। अनुग्रह गरी मलाई शील दिनुहोस्।"

"तेस्रो पटक पनि भन्ते ! वचन दिनुहोस्। म त्रिशरण सहित पञ्चशील-धर्म याचना गर्छु। अनुग्रह गरी मलाई शील दिनुहोस्।"

त्यसपछि भिक्षु यसो भन्छन्—

"यमहं वदामि तं वदेहि[2]।"

---

१. 'सह' भन्ने ठाउँमा 'सद्धिं' भन्न पनि सकिन्छ।

२. एकभन्दा धेरैजनालाई भन्ने हो भने 'वदेहि' भन्ने ठाउँमा 'वदेथ' भन्नुपर्छ। यो वाक्य भन्दै पनि नभन्दै पनि कुनै दोष छैन।

Downloaded from http://dhamma.digital

अर्थ—

"जस्तो म भन्दछु त्यस्तो भन्नू।"

"आम भन्ते!" भनी भन्नुपर्छ।

अर्थ—

"हवस् भन्ते?" भनी भनिएको हो।

त्यसपछि भिक्षु भन्दछन्—

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स।"

(याचकले यसलाई तीनचोटि दोहऱ्याई पढ्नू।)

अर्थ हो— "वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धलाई मेरो नमस्कार छ।"

यति सिद्धिएपछि जसो जसो भिक्षुले भन्दछ त्यसो त्यसो याचकले पनि भन्नू—

"बुद्धं सरणं गच्छामि।
धम्मं सरणं गच्छामि।
सङ्घं सरणं गच्छामि।"

"दुतियम्पि बुद्धं सरणं गच्छामि।
दुतियम्पि धम्मं सरणं गच्छामि।
दुतियम्पि सङ्घं सरणं गच्छामि।"

"ततियम्पि बुद्धं सरणं गच्छामि।
ततियम्पि धम्मं सरणं गच्छामि।
ततियम्पि सङ्घं सरणं गच्छामि।"

Downloaded from http://dhamma.digital

अर्थ—

"बुद्धको शरणमा पर्छु ।
धर्मको शरणमा पर्छु ।
सङ्घको शरणमा पर्छु ।"

"दोस्रो पटक पनि बुद्धको शरणमा पर्छु ।
दोस्रो पटक पनि धर्मको शरणमा पर्छु ।
दोस्रो पटक पनि सङ्घको शरणमा पर्छु ।"

"तेस्रो पटक पनि बुद्धको शरणमा पर्छु ।
तेस्रो पटक पनि धर्मको शरणमा पर्छु ।
तेस्रो पटक पनि सङ्घको शरणमा पर्छु ।"
(यसलाई त्रिशरण ग्रहण गर्ने भनिन्छ ।)

यसपछि भिक्षु भन्छन्—

"तिसरण गमनं सम्पुन्नं[1] ।"

अर्थ—

"त्रिशरण जाने काम सम्पूर्ण भयो ।"

यसपछि भिक्षु यसो भन्छन्—

१. "पाणातिपाता वेरमणी, सिक्खापदं समादियामि ।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

---

१. यो वाक्य कुनै भिक्षुले भन्छ कुनै भिक्षुले भन्दैन । भने पनि नभने पनि कुनै दोष छैन ।

Downloaded from http://dhamma.digital

२. "अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

३. "कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

४. "मुसावादा वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

५. "सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

अर्थ—

१. "प्राणीघात नगर्ने शिक्षापद ग्रहण गर्छु।"
२. "चोरी नगर्ने शिक्षापद ग्रहण गर्छु।"
३. "काम विषयमा व्यभिचार नगर्ने शिक्षापद ग्रहण गर्छु।"
४. "असत्य कुरा नगर्ने शिक्षापद ग्रहण गर्छु।"
५. "सुरापान आदि लागु पदार्थ सेवन नगर्ने शिक्षापद ग्रहण गर्छु।"

यसपछि भिक्षु यसो भन्छन्—

"तिसरणेन सह[1] पञ्चसीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेहि[2] ।"

---

१. 'सह' भन्ने ठाउँमा 'सद्धिं' भने पनि हुन्छ ।
२. एकभन्दा धेरैजनालाई भन्ने हो भने 'सम्पादेहि' भन्ने ठाउँमा 'सम्पादेथ' भन्नुपर्छ ।

Downloaded from http://dhamma.digital

अर्थ—

"त्रिशरण सहित पञ्चशील धर्मलाई राम्ररी सुरक्षित गरी अप्रमादपूर्वक पालन गर।"

### त्यसपछि याचकले यसो भन्नुपर्छ—

"आम भन्ते"

अर्थ—

"हवस् भन्ते"

(कुनै कारणवश आफू बस्ने ठाउँमा कुनै भिक्षु नपाएमा बिहान मुख-सुख धोइसकेपछि भगवान् बुद्धको रूप भएको पूजाकोठीमा अथवा आफ्नै खाटमा बसी सिरानतिर हेरी त्रिरत्नको गुण अनुस्मरण गरी तीनपटक वन्दना गरी हातजोडी त्रिशरणको वाक्य र पञ्चशीलको वाक्य बक फुटाई शुद्ध रूपले पढी आफैले पनि पञ्चशील ग्रहण गर्न सकिन्छ।)

### अष्टशील ग्रहण गर्ने विधि—

अष्टशील भन्नाले आठवटा नियमलाई भनिएको हो। यो शील चाँहि कृष्णपक्षको अष्टमी, अमावस्या, शुक्लपक्षको अष्टमी र पूर्णिमाको दिन ग्रहण गर्ने चलन छ। यसलाई उपोसथ-व्रत पनि भन्दछन्। यसरी विशेष दिनमा अष्टशील ग्रहण गरी पालन गर्नेलाई 'उपोसथ शील पालन गर्ने' भनी वा 'उपोसथव्रत बस्ने' भनी भन्दछन्। यदि चाहेमा कुनै गृहस्थी पुरुष वा स्त्रीले आफूले चाहेको दिनसम्म पालन गर्न सकिन्छ।

Downloaded from http://dhamma.digital

एक हप्ता, दुई हप्ता, एक महिना, दुई महिना आदि । चाहेको खण्डमा बर्षौंनी त के जीवनभर पालन गरे पनि हुन्छ । अष्टमी पूर्णिमाको दिनमा मात्र पालन गर्नुपर्छ भन्ने छैन । लङ्का देशमा चाँहि यी शील पालन गर्ने दिनमा स्त्री पुरुष दुबै थरीले शुद्ध सफा सेतो वस्त्र लगाउँछन् ।

भिक्षु नपाएमा माथि उल्लेख गरे जस्तै आफैंले अधिष्ठान गरे पनि हुन्छ । भिक्षु समक्ष प्रार्थना गर्नै पर्छ भन्ने छैन ।

माथि उल्लिखित पञ्चशील ग्रहण गर्ने जस्तै अष्टशील ग्रहण गर्ने तरीका पनि त्यस्तै हो ।

तीन पटक भिक्षुलाई वन्दना गरिसकेपछि याचकले तीन पटक यसो भन्नुपर्छ—

"ओकास ! अहं भन्ते ! तिसरणेन सह अट्ठङ्गसम्पन्नागतं उपोसथसीलं-धम्मं याचामि । अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।"

"दुतियम्पि ओकास ! अहं भन्ते ! तिसरणेन सह अट्ठङ्गसम्पन्नागतं उपोसथसीलं-धम्मं याचामि । अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।"

"ततियम्पि ओकास ! अहं भन्ते ! तिसरणेन सह अट्ठङ्गसम्पन्नागतं उपोसथसीलं-धम्मं याचामि । अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।"

Downloaded from http://dhamma.digital

अर्थ—

"भन्ते ! बचन दिनुहोस् ! म त्रिशरण सहित अष्टाङ्ग युक्त उपोसथशील-धर्म प्रार्थना गर्छु । अनुग्रह गरी मलाई शील दिनुहोस् ।"

"दोस्रो पटक पनि भन्ते ! बचन दिनुहोस् ! ......... अनुग्रह गरी मलाई शील दिनुहोस् ।"

"तेस्रो पटक पनि भन्ते ! बचन दिनुहोस् ! ......... अनुग्रह गरी शील दिनुहोस् ।"

यसपछि भिक्षु भन्छन्—

"यमहं वदामि तं वदेहि ।"

अर्थ -

"जस्तो म भन्छु त्यस्तो भन्नू ।"

त्यसपछि याचकले—

"आम भन्ते !" भनी भन्नुपर्छ ।

अर्थ—

"हवस् भन्ते !" भनी मनिएको हो ।

त्यसपछि भिक्षु भन्छन्—

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"

(याचकले यसलाई तीनचोटि दोहऱ्याई पढ्नू ।)

अर्थ—

"वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धलाई मेरो नमस्कार छ ।"

Downloaded from http://dhamma.digital

यति सिद्धिएपछि जसो जसो भिक्षुले भन्दछन् त्यसो त्यसो याचकले पनि भन्नू—

"बुद्धं सरणं गच्छामि।
धम्मं सरणं गच्छामि।
संघं सरणं गच्छामि।"

"दुतियम्पि बुद्धं सरणं गच्छामि।
दुतियम्पि धम्मं सरणं गच्छामि।
दुतियम्पि संघं सरणं गच्छामि।"

"ततियम्पि बुद्धं सरणं गच्छामि।
ततियम्पि धम्मं सरणं गच्छामि।
ततियम्पि संघं सरणं गच्छामि[1]।"

(यसलाई त्रिशरण ग्रहण गर्ने भनिन्छ)

यसपछि भिक्षु भन्दछन्—

"तिसरण गमनं सम्पुन्नं।"

अर्थ—

"त्रिशरण जाने काम सम्पूर्ण भयो।"

यसपछि भिक्षु यसो भन्छन्—

१. "पाणातिपाता वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

२. "अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

१. यसको अर्थ माथि उल्लेख भैसकेको छ।

Downloaded from http://dhamma.digital

३. "अब्रह्मचरिया वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

४. मुसावादा वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

५. "सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

६. "विकालभोजना वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्न)

७. "नच्चगीत वादित विसूकदस्सन मालागन्ध विलेपन धारण मण्डन विभूसणट्ठाना वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

८. "उच्चासयन महासयना वेरमणी सिक्खापदं समादियामि।"
(आफूले पनि दोहऱ्याई पढ्नू)

अर्थ—

१. "प्राणीघात नगर्ने शिक्षापद ग्रहण गर्छु।"
२. "चोरी नगर्ने शिक्षापद ग्रहण गर्छु।"
३. "अब्रह्मचर्याबाट दूर रहने शिक्षापद ग्रहण गर्छु।"
४. "असत्य कुरा नगर्ने शिक्षापद ग्रहण गर्छु।"
५. "सुरापान आदि लागु पदार्थ सेवन नगर्ने शिक्षापद ग्रहण गर्दछु।"

Downloaded from http://dhamma.digital

६. "बेटाइममा[1] नखाने शिक्षापद ग्रहण गर्छु।"

७. "नाच गान बाजा आदि भयानक दृश्य दर्शन नगर्ने र माला सुगन्धलेपन तथा आभूषण आदि नलगाउने शिक्षापद ग्रहण गर्छु।"

८. अग्लो आसन र महान आसन सेवन नगर्ने शिक्षापद ग्रहण गर्छु।"

यसपछि भिक्षु यस्तो भन्छन्—

"तिसरणेन सह अट्ठङ्गसमन्नागतं उपोसथसीलं-धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेहि।"

अर्थ—

"त्रिशरण सहित अष्टाङ्ग युक्त उपोसथ शील-धर्म राम्ररी सुरक्षित गरी अप्रमादपूर्वक पालन गर।"

त्यसपछि याचकले यसो भन्नुपर्छ—

"आम भन्ते"

अर्थ—

"हवस् भन्ते"

थेरवाद पालि साहित्य अनुसार 'भन्ते' भन्ने शब्द भिक्षुहरूलाई सम्बोधन गर्ने शब्द हो। जस्तै हाम्रो भाषामा कुनै सन्यासीलाई सम्बोधन गर्दा "स्वामीजी, गुरुजी, महात्माजी, श्रद्धेय" आदि भनिन्छ त्यस्तै गरी थेरवादी बौद्ध भिक्षुहरूलाई "भन्ते" भनी भनिन्छ। तिब्बत परम्परा भिक्षुहरूलाई चाहिं "लामा, कुस्यो, घेलुंग" भन्दछन्।

---

१. थेरवाद बौद्ध परम्परानुसार १२ बजे पछिलाई 'बेटाइम' भन्दछन्।

Downloaded from http://dhamma.digital

# बुद्धगुण र बुद्ध वन्दना

१. इतिपि सो भगवा अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्म सारथी, सत्था देवमनुस्सानं, बुद्धो, भगवा इति।

२. नमो तस्स सम्मासम्बुद्धस्स।

३. ये च बुद्धा अतीता च, ये च बुद्धा अनागता।
पच्चुप्पन्ना च ये बुद्धा, अहं वन्दामि सब्बदा॥

४. नत्थि मे सरणं अञ्ञं, बुद्धो मे सरणं वरं।
एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं॥

५. उत्तमङ्गेन वन्देहं, पादपंसु वरुत्तमं।
बुद्धे यो खलितो दोसो, बुद्धो खमतु तं ममं॥

६. बुद्धं जीवित परियन्तं, सरणं गच्छामि।

# धर्मगुण र धर्म वन्दना

१. स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिको, अकालिको, एहि पस्सिको, ओपनयिको, पच्चत्तं वेदितब्बो विञ्ञूहीति।

Downloaded from http://dhamma.digital

## बुद्धगुण र बुद्ध वन्दनाको अर्थ–

१– वहाँ भगवान् अरहत् हुन्नुहुन्छ। वहाँ भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ। वहाँ भगवान् विद्याचरण धर्मले सुसम्पन्न हुनुहुन्छ। वहाँ भगवान् असल मार्गमा जानुभएको छ। वहाँ भगवान् सबै लोकलाई जान्नुहुन्छ। वहाँ भगवान् दमनीय पुरुषहरूलाई दमन गर्ने उत्तम सारथी हुनुहुन्छ। वहाँ भगवान् देवसहित मनुष्यहरूका गुरु हुनुहुन्छ। वहाँ भगवान् बोधनीय धर्मलाई बोध गर्ने बुद्ध हुनुहुन्छ र राग, द्वेष, मोह सहित सबै पापलाई ध्वस्त पार्ने भगवान् हुनुहुन्छ।

२– वहाँ सम्यक्सम्बुद्धलाई मेरो नमस्कार छ।

३– भूतकालका जुन बुद्धहरू थिए, भविष्यकालका जुन बुद्धहरू हुन् र वर्तमानकालका जुन बुद्धहरू छन् – ती बुद्धहरूलाई म सधैं वन्दमा गर्छु।

४– मलाई बुद्ध बाहेक उत्तम शरण अरू छैन। यही सत्य वचनको प्रभावद्वारा मेरो जयमङ्गलहोस्।

५– वहाँको पाउको धूलोलाई पनि म शीरले वन्दना गर्छु। यदि बुद्धप्रति मेरो कुनै दोष छ भने त्यसलाई बुद्धले क्षमा गरुन्।

६– जीवनभर म बुद्धको शरणमा पर्छु।

## धर्मगुण र धर्म वन्दनाको अर्थ–

१– भगवान्को धर्म राम्ररी बताइएको छ। भगवान्को धर्मद्वारा यसै जीवनमा फल पाइन्छ। भगवान्को धर्मको फल तत्कालिक छ। भगवान्को धर्म 'आऊ हेर' भनी देखाउनु योग्य छ। भगवान्को धर्मले निर्वाण नजिक पुऱ्याइदिन्छ र भगवान्को धर्म ज्ञानीजनले आफैले बुझ्नसक्छ।

Downloaded from http://dhamma.digital

२. नमो तस्स निय्यानिकस्स धम्मस्स ।

३. ये च धम्मा अतीता च, ये च धम्मा अनागता ।
पच्चुप्पन्ना च ये धम्मा, अहं वन्दामि सब्बदा ।।

४. नत्थि मे सरणं अञ्ञं, धम्मो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ।।

५. उत्तमङ्गेन वन्देऽहं, धम्मं च तिविधं वरं[1] ।
धम्मे यो खलितो दोसो, धम्मो खमतु तं ममं ।।

६. धम्मं जीवित परियन्तं, सरणं गच्छामि ।

## संघगुण र संघ वन्दना

१. सुपटिपन्नो भगवतो सावकसङ्घो, उजुपटिपन्नो भगवतो सावकसङ्घो, ञायपटिपन्नो भगवतो सावकसङ्घो, सामीचिपटिपन्नो भगवतो सावकसङ्घो, यदिदं चत्तारि पुरिसयुगानि अट्ठ पुरिस पुग्गला एस भगवतो सावकसङ्घो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिणेय्यो, अञ्जलिकरणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्साति ।

---

१. 'दुविधं वरं' पनि भन्दछन् ।

Downloaded from http://dhamma.digital

२– निर्बाणमा पुऱ्याउने त्यो धर्मलाई मेरो नमस्कार छ।

३– भूतकालका जुन धर्म हुन्, भविष्यकालका जुन धर्म हुन् र वर्तमान कालका जुन धर्म हुन्—ती धर्महरूलाई म सँधै वन्दना गर्छु।

४– मलाई धर्म बाहेक उत्तम शरण अरू छैन। यही सत्य वचनको प्रभावद्वारा मेरो जय मङ्गल होस्।

५– तीन आकारले[1] उत्तम भएको धर्मलाई म शीरले वन्दना गर्छु। यदि धर्मप्रति मेरो कुनै दोष छ भने त्यसलाई धर्मले क्षमा गरून्।

६– जीवनभर म धर्मको शरणमा पर्छु।

## सङ्घगुण र सङ्घ वन्दनाको अर्थ—

१– भगवान्का श्रावकसङ्घ असल मार्गमा गएका छन्। भगवान्का श्रावकसङ्घ सोजो मार्गमा गएका छन्। भगवान्का श्रावकसङ्घ निर्वाण मार्गमा गएका छन्। भगवान्का श्रावकसङ्घ उपयुक्त मार्गमा लागेका छन्। जो चार जोर अर्थात् आठ पुरुषहरू छन्; यी नै वहाँ भगवान्का श्रावकसङ्घ हुन्। जो पूजनीय, पाहुना बनाउन योग्य र लोकवासीका निमित्त पुण्यक्षेत्र छन्।

---

१. आदिकल्याण, मध्यकल्याण र पर्यवशानकल्याण भन्ने तीन आकारले।

Downloaded from http://dhamma.digital

२. नमो तस्स अट्ठारिय पुग्गल महासङ्घस्स।

३. ये च सङ्घा अतीता च, ये च सङ्घा अनागता।
पच्चुप्पन्ना च ये सङ्घा, अहं वन्दामि सब्बदा।।

४. नत्थि मे सरणं अञ्ञं, सङ्घो मे सरणं वरं।
एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं।।

५. उत्तमङ्गेन वन्देऽहं सङ्घं च तिविधुत्तमं।
सङ्घे यो खलितो दोसो, सङ्घो खमतु तं ममं।।

६. सङ्घं जीवित परियन्तं, सरणं गच्छामि।

# विविध पूजा

## जल—पूजा

१. अधिवासेतु नो भन्ते, पानीयं उपनामितं।
अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तम !।।

## खाद्य—पूजा

१. अधिवासेतु नो भन्ते, खज्जकं उपनामितं।
अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तम।।

## भोजन—पूजा

१. अधिवासेतु नो भन्ते, भोजनं उपनामितं।
अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तम !।।

Downloaded from http://dhamma.digital

२– यी आठ पुरुष युक्त महासङ्घलाई मेरो नमस्कार छ ।

३– भूतकालका जुन सङ्घ थिए, भविष्यकालका जुन सङ्घ हुन् र वर्तमानकालका जुन सङ्घ छन्—ती सङ्घहरूलाई म सँधै वन्दना गर्छु ।

४– मलाई सङ्घ बाहेक उत्तम शरण अरू छैन । त्यही सत्य वचनको प्रभावद्वारा मेरो जयमङ्गल होस् ।

५– तीन आकारले उत्तम भएका सङ्घलाई म शीरले वन्दना गर्छु । यदि सङ्घप्रति मेरो कुनै दोष छ भने त्यसलाई सङ्घले क्षमा गरुन् ।

६– जीवनभर म सङ्घको शरणमा पर्छु ।

# विविध पूजा

## जल–पूजाको अर्थ–

१– भन्ते ! हामीले पिउने पदार्थ चढाएकाछौं । अनुकम्पा राखी स्वीकार गर्नुहोस् । हे उत्तम पुरुष ! ग्रहण गर्नुहोस् ।

## खाद्य–पूजाको अर्थ–

१– भन्ते ! हामीले खानेपदार्थ चढाएकाछौं । अनुकम्पा राखी स्वीकार गर्नुहोस् । हे उत्तम पुरुष ! ग्रहण गर्नुहोस् ।

## भोजन–पूजाको अर्थ–

१– भन्ते ! हामीले भोजन चढाएकाछौं । अनुकम्पा राखी स्वीकार गर्नुहोस् । हे उत्तम पुरुष ! ग्रहण गर्नुहोस् ।।

Downloaded from http://dhamma.digital

## ब्यञ्जन—पूजा

१. अधिवासेतु नो भन्ते, ब्यञ्जनं उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तम ॥

## फल—पूजा

१. अधिवासेतु नो भन्ते, फलानि उपनामितं ।
अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तम ॥

## पुष्प—पूजा

१. वण्णगन्ध गुणोपेतं, एतं कुसुमसन्ततिं ।
पूजयामि मुनिन्दस्स, सिरिपाद सरोरुहे ॥

२. पूजेमि बुद्धं कुसुमेन 'नेन,
पुञ्ञेन मेतेन च होतु मोक्खं ।
पुप्फं मिलायाति यथा इदम्मे,
कायो तथा याति विनासभावं ॥

## धूप—पूजा

१. गन्ध सम्भार युत्तेन, धूपेना'हं सुगन्धिना ।
पूजये पूजनेय्यन्तं, पूजाभाजन मुत्तमं ॥

## प्रदीप—पूजा

१. घनसारप्पदित्तेन, दीपेन तमधंसिना ।
तिलोकदीपं सम्बुद्धं, पूजयामि तमोनुदं ॥

Downloaded from http://dhamma.digital

## व्यञ्जन—पूजाको अर्थ—

१– भन्ते ! हामीले व्यञ्जन चढाएकाछौं। अनुकम्पा राखी स्वीकार गर्नुहोस्। हे उत्तम पुरुष ! ग्रहण गर्नुहोस्।

## फल—पूजाको अर्थ—

१– भन्ते ! हामीले फलहरू चढाएकाछौं। अनुकम्पा राखी स्वीकार गर्नुहोस्। हे उत्तम पुरुष ! ग्रहण गर्नुहोस्।

## पुष्प—पूजाको अर्थ—

१– मुनिन्द्र हुनु भएका बुद्ध भगवान्को कमल जस्तो श्रीपादमा वर्ण तथा सुगन्ध आदि गुणले युक्त भएको यो फूलको गुच्छाले पूजा गर्छु।

२– यी फूलहरूले बुद्धलाई पूजा गर्छु। यस पुण्यद्वारा मेरो मोक्ष होस्। जस्तै फूल ओइलिएर जान्छ त्यस्तै यो मेरो शरीर पनि बिलाएर जान्छ।

## धूप—पूजाको अर्थ—

१– पूजा गर्न योग्य हुनु भएका तथा पूजा गर्नको निमित्त उत्तम पात्र हुनु भएका बुद्धलाई सुगन्ध युक्त यो सुगन्धित धूपले पूजा गर्छु।

## प्रदीप—पूजाको अर्थ—

१– अन्धकारलाई विनाश गर्ने, तीनै लोकको दियो जस्तै हुनु भएका सम्बुद्धलाई अन्धकार नाश गर्ने कपुर आदि प्रदीपद्वारा पूजा गर्छु।

Downloaded from http://dhamma.digital

## चैत्यादि–पूजा

१. वन्दामि चेतियं सब्बं, सब्बठानेसु पतिट्ठितं ।
सारीरिक धातु महाबोधिं, बुद्धरूपं सकलं सदा ।।

## क्षमा याचना

१. कायेन वाचा चित्तेन, पमादेन मया कतं ।
अच्चयं खम मे भन्ते, भूरिपञ्ञा तथागत ।।

## प्रार्थना

१. इमाय बुद्धपूजाय, कताय सुद्ध चेतसा ।
चिरं तिट्ठतु सद्धम्मो, लोको होतु सुखी सदा ।।

२. इमाय बुद्धपूजाय यं पुञ्ञं पसुतं मया ।
सब्बं तं अनुमोदित्वा, सब्बे'पि तुट्ठ मानसा ।।

३. पूरेत्वा दानसीलादि, सब्बा'पि दसपारमी ।
पत्वा यथिच्छितं बोधिं, फुसन्तु अमतं पदं ।।

## प्रतिपत्ति–पूजा

१. इमाय धम्मानु धम्म–पटिपत्तिया बुद्धं पूजेमि ।

२. इमाय धम्मानु धम्म–पटिपत्तिया धम्मं पूजेमि ।

३. इमाय धम्मानु धम्म–पटिपत्तिया सङ्घं पूजेमि ।

४. अद्धा इमाय पटिपत्तिया जाति
जरा ब्याधि मरणम्हा परिमुञ्चिस्सामि ।

Downloaded from http://dhamma.digital

## चैत्यादि–पूजाको अर्थ–

१– सबै ठाउँमा प्रतिष्ठित सबै चैत्यहरू, भगवान्‌को शरीर धातु, महाबोधी तथा बुद्धरूपहरूलाई म सधैं बन्दना गर्छु।

## क्षमायाचनाको अर्थ–

१– हे महाप्रज्ञा हुनु भएका तथागत ! प्रमादवश मेरो शरीर वचन तथा चित्तद्वारा कुनै भूल भएको छ भने भन्ते ! मलाई क्षमा गर्नुहोस्।

## प्रार्थनाको अर्थ–

१– शुद्ध चित्तले गरेको यो बुद्ध–पूजाद्वारा तथागतको सद्धर्म चिरस्थायी रहोस् र लोकवासीहरू सुखी रहुन्।

२– शुद्ध चित्तले गरेको यो बुद्ध–पूजाद्वारा जुन पुण्य मैंले प्राप्त गरें त्यसलाई सन्तुष्टपूर्वक सबै प्राणीहरूले अनुमोदन गरून्।

३– दानशीलादि सबै दशपारमी पूर्ण गरी आपनो इच्छानुसार बोधिज्ञान प्राप्त गरी अमृतपद प्राप्त गर्न सकून्।

## प्रतिपत्ति–पूजाको अर्थ–

१– धर्मानुकूल गरिएको यस धर्माचरणद्वारा बुद्धको पूजा गर्छु।

२– धर्मानुकूल गरिएको यस धर्माचरणद्वारा धर्मको पूजा गर्छु।

३– धर्मानुकूल गरिएको यस धर्माचरणद्वारा सङ्घको पूजा गर्छु।

४– यस धर्माचरणद्वारा अवश्य पनि जन्म, बुढो, रोग तथा मरणबाट मुक्त हुन सकूँ।

Downloaded from http://dhamma.digital

## कामना

१. इमिना पुञ्ञकम्मेन, मा मे बाल समागमो ।
सतं समागमो होतु, याव निब्बान पत्तिया ।।

२. इदं मे पुञ्ञं आसवक्खया वहं होतु ।
इदं मे पुञ्ञं निब्बानस्स पच्चयो होतु ।।
इदं मे पुञ्ञं सब्बेसत्ता अनुमोदन्तु ।।

## पुण्यानुमोदन

१. इदं मे[1] ञातीनं होतु, सुखिताहोन्तु ञातयो ।
( तीनबार भन्नु )

२. एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे देवाअनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ।।

३. एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे सत्तानुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ।।

४. एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे भूताअनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ।।

★ ★ ★

---

१. सम्पूर्ण प्राणीका लागि अनुमोदन गर्दा "इदं वो" भनी शुरू गर्नुपर्छ ।

Downloaded from http://dhamma.digital

## कामनाको अर्थ—

१– यस पुण्यकर्मको प्रभावद्वारा अज्ञानी मूर्खहरूसँग बस्न नपरोस्। निर्वाण प्राप्त गर्न नसकुन्जेलसम्म सत्पुरुषहरूसँग बस्न सकूँ।

२– यस पुण्यद्वारा मेरा आस्रवक्षय हुन्।
निर्वाण प्राप्तिको लागि यो मेरो पुण्य हेतु होस्।
यस पुण्यलाई सबै प्राणीहरूले अनुमोदन गरून्।

## पुण्यानुमोदनको अर्थ—

१– (परलोक भएका) मेरा ज्ञातीबन्धुहरूले यो पुण्य पाऊन् र उनीहरू सुखी होऊन्।

२– अहिलेसम्म हामीले प्राप्त गरेका पुण्यसम्पत्तिलाई सबै सम्पत्ति सिद्धिको निमित्त सबै देवताहरूले अनुमोदन गरून्।

३– अहिलेसम्म हामीले प्राप्त गरेका पुण्यसम्पत्तिलाई सबै सम्पत्ति सिद्धिको निमित्त सबै सत्व प्राणीहरूले अनुमोदन गरून्।

४– अहिलेसम्म हामीले प्राप्त गरेका पुण्यसम्पत्तिलाई सबै बितेका मनुष्यहरूले अनुमोदन गरून्।

★ ★ ★

Downloaded from http://dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"
(उहाँ भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई नमस्कार ।)

# महास्वप्न जातक[1]

## वर्तमानको कुरा

एकदिन कोशल नरेशले बेलुकीको अन्तिम प्रहरमा सपनामा १६ वटा कुराहरू देखे । राती ब्यूँझदेखिनै "यसको फल के हुने हो ?" भनी डरले ननिदाइकनै रात काटे । भोलिपल्ट बिहान बिहानै नै पुरोहित ब्राह्मणहरू आएर नरेशलाई— "आरामसँग सुत्नुभयो होइन, महाराज ?" भनी सोधे ।

नरेशले भने— "अहँ राम्रो मटक्कै भएन । राती मैले सपनामा १६ वटा कुराहरू देखें । त्यस सपनाले तर्सिएर रात जाग्राममा काट्नुपर्‍यो । के तपाईंहरूले त्यस सपनाको फल के हुन्छ ?" भन्न सक्नुहुन्छ ।

ब्राह्मणहरूले भने— "सपनामा के के देख्नुभयो, सुनाउनु होस् । हामी त्यसको फल जान्ने कोशिश गरौंला ।"

---

१. जा. अ. क. भाग–१, पृ. २६३, नं. ७७ ।

Downloaded from http://dhamma.digital

राजाले सपनाको सारा वृतान्त सुनाए। राजाको कुरा सुनिसकेर ब्राह्मणहरूले आ-आफ्ना हात मले।

राजा— "आचार्यहरू! किन, के भयो, सपनाको फल खराब छ कि कसो?"

ब्राह्मणहरू— "हो महाराज, त्यस सपनाको फल अवश्य नै भयङ्कर हुनेछ। (कक्खला महाराजा सुपिना)!"

राजा— "फल के हुन्छ, आचार्यहरू?"

ब्राह्मणहरू— "महाराज! राज्य-भय, प्राण-भय तथा सम्पत्ति-भय (रज्जन्तरायो, जीविन्तरायो, भोगन्तरायो) यी तीन भयहरूमध्ये एउटा भय नआई छोड्दैन।"

राजा (त्रसित भएर)— "आचार्यहरू! त्यसोभए यसको केही प्रतिकार गर्ने उपाय छैन त?"

ब्राह्मणहरू— "महाराज! प्रतिकारको बाटो मुश्किल अवश्यै छ तैपनि महाराजको लागि हामीहरू उपाय खोजौंला। यति पनि गर्न नसके हामीहरू तपाइँको पुरोहित भई राख्नको के प्रयोजन भयो?"

राजा— "त्यसोभए अब के गर्नु पर्ला?"

ब्राह्मणहरू— "सर्व चतुर्क भन्ने यज्ञ गर्नुपर्दछ।"

राजा— "यस यज्ञको लागि के के कुराको आवश्यकता पर्दछ भन्नुहोस्। मेरो प्राण तपाइँहरूको हातमा छ। छिटै नै यस उपायद्वारा मेरो प्राण रक्षा गरिदिनु होस्।"

Downloaded from http://dhamma.digital

"धेरै धन लाभ हुने भो, धेरै भोजन प्राप्त हुने भो" (बहु धनं लभिस्साम, खज्जभोज प्राहरापेस्सामा'ति) यस्तो विचार लिई ब्राह्मणहरू "हुन्छ महाराज ! केही धन्दा लिनु पर्दैन, हामीहरू तपाईंको प्राण बचाइदिनेछौं।" भन्दै राजदरबारबाट निस्की नगरबाट बाहिर एउटा चौरमा ठूलो यज्ञशाला बनाए। त्यहाँ उनीहरूले धेरै दूधालु पशुपंक्षीहरू जम्मा गरे। राजदरबारमा पुरोहित ब्राह्मणहरू उतिकै ग्राउने जाने गरिराखेका देखेर कोशल नरेशको अग्र महारानी मल्लिकादेवीले महाराजलाई "महाराज ! किन होला आज पुरोहित ब्राह्मणहरू यहाँ आउँदै-जाँदै गरेका ?" भनी सोधिन्।

राजा— "तिमीलाई पो सञ्चो छ, ग्राफूमाथि भने कस्तो विपत्ति ग्राइपरेको छ।"

महारानी— "कुनै कुराको ग्राज्ञा गर्नु भएको हो महाराज ?"

महाराज— "मैले सपनामा १६ वटा कुराहरू देखें। तिनीहरूका बारेमा राजपुरोहितहरूलाई सुनाउँदा उहाँहरूले तीन विघ्नमध्ये एउटा न एउटा विघ्न ग्रवश्यै हुन्छ भने। ग्रहिले वहाँहरू त्यस विघ्नलाई पन्छाउनको लागि महायज्ञको तयारीमा लाग्नुभएका छन्। त्यसैको सिलसिलामा उहाँहरू दरबारमा ग्राउनु भएका हुन्।

Downloaded from http://dhamma.digital

महारानी— "महाराज के तपाइँले देव सहित मनुष्य लोकमा अग्र ब्राह्मण भइराख्नेसित सत्य सपनाबारे सोधिसक्नु भयो ? "(किं पन ते महाराजा, सदेवके लोके अग्गब्राह्मणं सुपिनपतिकम्मं पुच्छितोति ?)"

महाराज— "भद्रे ! यस देव सहित मनुष्य लोकमा अग्र ब्राह्मण भन्ने को ? (कतरोपनेस भद्दे सदेवके लोके अग्ग ब्राह्मणो ?)"

महारानी—"के तपाईंले देवलोक सहित मनुष्य लोकमा अग्र – पुद्गल विशुद्ध – निक्लेशको सर्वज्ञ – महाब्राह्मणलाई चिन्नुहुन्न ? उहाँले मात्र सपनाको दुष्परिणाम राम्ररी बताई दिन सक्ने सिवाय अरू कसले बताउलान् ?! जानुहोस्, उहाँकहाँ जानुभई सपनाको कुरा भनी त्यसको फल जानि लिनुहोस् ।"

"हुन्छ भनी कोशल नरेश भगवान्‌कहाँ जेतवन विहारमा गई वन्दना गरेर एकातिर बसे ।"

समन्तभद्रले राजालाई "किन महाराज, आज त सबरै पाल्नुभयो नि ?" भनी सोध्नुभयो ।

राजाले भगवान्‌लाई—"केही दिन अघि मैंले सपनामा १६ वटा कुराहरू देखेको थिएँ । यसको परिणाम के होला भनी राजपुरोहितहरूसँग बुझ्दा उहाँहरूले "ठूलो भय आउने छ ।" भने । अहिले राजपुरोहितहरू त्यस बिघ्न–बाधालाई पन्छाउन

Downloaded from http://dhamma.digital

महायज्ञको तयारीमा छन्। प्राणीहरू मरण-भयले त्रसित छन्। देव सहित मनुष्य लोकमा अग्र हुनुहुने, भूत भविष्य र वर्तमानका कुराहरू तपाईंको ज्ञानचक्षुले नदेख्ने केही पनि होइनन्; कृपया मेरो यस सपनाको परिणाम के हुन्छ भन्ने बारेमा आज्ञा गर्नु भएमा अज्ञानीको कल्याण हुनेछ।"

समन्त भद्र— "त्यसोभए महाराज, तपाईंले सपनामा यसो देखेका कुराहरू सुनाउनु होस्।"

राजाले विस्तृतरूपले त्यस सपनाको कुरा सुनाए। भगवान् बुद्धले क्रमसँग तिनीहरूका परिणामहरू 'भविष्यमा यसो हुनेछ' भनी यसरी आज्ञा गर्नुभयो—

"महाराज! तपाईंले देख्नुभएका १६वटा सपनाहरूमध्ये एउटैले पनि तपाईंमाथि विघ्न बाधा ल्याउने छैन। यो पूरै भविष्य सूचक हो। राजपुरोहितहरूले साँच्चिकै त्यस धर्ममा प्रतिष्ठित भएर अथवा सत्यको आग्रह गरी तपाईंउपर स्नेह राखी सपनाको फल सुनाएको होइन, बरू धेरै धन लाभ हुने स्वार्थको आँखाले र जीवनावृत्तिको लागि मात्र त्यसो भनेका हुन् (ब्राह्मणा पन न धम्मेसु धम्मताय तयि सिनेहेन कथयिसु बहुं धनं लभिस्सामाति आमिस चक्खुताय जीवितवुत्ति निस्साय कथयिसु)। महाराज! यस्तो सपना तपाईंलेमात्र देख्नुभएको होइन, पहिलेका राजाहरूले पनि यस्तै सपना देखिसकेका छन्। त्यस समयमा पनि ब्राह्मणहरूले सपनाको फल यज्ञकै जिम्मामा

Downloaded from http://dhamma.digital

लगाए। तर कोही पण्डितको कुरा सुनी बोधिसत्वसित सपनाको कुरा सम्बन्धी सोद्धा बोधिसत्वले मैले जस्तै भविष्य सम्बन्धी व्याख्या गरिदिए।" त्यसपछि भगवान् बुद्धले निम्न अतीतको कुरा सुनाउनु भयो।

## अतीतको कुरा

अतीतकालमा वाराणसी राज्यको शासनकालमा बोधिसत्व उदिच्च ब्राह्मण कुलमा जन्मनु भयो। ठूलो हुँदा उहाँ ऋषि प्रव्रजित हुनुभयो। ध्यानद्वारा अभिज्ञा र समापत्ति लाभ गरेर हिमालयतिर ध्यानक्रुडा गर्नुभयो।

एकदिन वाराणसीको ब्रह्मदत्त राजाले रातको अन्तिम प्रहरमा १६ वटा सपनाहरू देखे। त्यस सपनाले राजा तर्सिए। ब्युँझेपछि फेरि निदाउन नसकी "त्यस सपनाको फल के हुने हो?" भन्ने तर्कना गर्दै बाँकि रात बिताए। विहानीपख पुरोहित ब्राह्मणहरू आई "महाराज! सुखपूर्वक सुत्नुभयो होइन?" भनी सोधे।

राजा—"आचार्यहरू! के सुखपूर्वक सुत्न पाइन्थ्यो र?! आज राती मैले १६ वटा ठूल–ठूला सपनाहरू देखें। त्यस पश्चात मेरो मनमा त्रास उत्पन्न भएको छ। यसको के फल हुने होला? यसबारे तपाईंहरूले विस्तृतरूपले सुनाउनु होस।"

Downloaded from http://dhamma.digital

"महाराज ! सपनाका कुराहरू नि भन्नुहोस्। त्यसपछि हामी त्यसबारे जे भन्नुपर्छ भनौंला।"

पुरोहितहरूको कुरा सुनेर राजाले सपनामा देखेका कुरा सबै सुनाइदिए। राजाको कुरा सुनेर पुरोहितहरूले हात मले।

"आचार्यहरू ! किन हात मलिरहेका छौ ? यस सपनाले केही विघ्न–बाधाको संकेत दिएको छ कि क्या हो ?"

"महाराज ! सप्ना त साह्रै अशुभ छन्। राज्य–हानि, जीवन–हानि र धन–हानिमध्ये एउटा हानि हुने अवश्यम्भावी छ।"

"आचार्यहरू ! यसबाट बच्ने उपाय केही छैन ?"

"महाराज ! हुन त यस सपनाको फल अति कडा छ तथापि हजुरको लागि हामी केही उपाय अवश्य गरौंला। हजुरको लागि यति काम पनि नआए हाम्रो शास्त्राध्ययनको मूल्य नै के रह्यो र ?!"

"त्यसोभए के गर्नुपर्ला ?"

"महाराज ! चार वस्तुहरूको यज्ञ गर्नुपर्‍यो।"

"हुन्छ आचार्यहरू ! गर्नुहोस्। मेरो प्राण तपाईंहरूको हातमा छ— जसरी भएपनि मलाई यस भयबाट मुक्ति दिलाउनुस्।"

Downloaded from http://dhamma.digital

"हामीलाई धन पनि हुन्छ, राजा पनि खुशी हुने छन्, खाने, लाउने पनि धेरै हुनेछ।" भन्ने सोची ब्राह्मणहरूले, महाराज ! "चिन्तित हुनु आवश्यक छैन।" भनी राजालाई आश्वासन दिई उनीहरू दरबारबाट बाहिर निस्के। नगर बाहिर उनीहरूले एउटा यज्ञकुण्ड बनाए। धेरै पशुपंक्षीहरू ल्याएर यज्ञकुण्डको थाममा बाँधिराखे। 'यो-यो चाहिन्छ भन्दै ब्राह्मणहरू दरबारमा धेरै चोटि आए।'

तिनीहरूमध्ये एउटा राजपुरोहितको माणवक नामक शिष्य एकजना रहेछ। ऊ असाध्य विद्वान तथा सत्यवादी, धर्मवादी, स्पष्टवादी थिए। उनले आफ्नो गुरुसँग यसरी सोधे—

"भो गुरु ! तपाईंले मलाई तीनैवटा वेदहरूको ज्ञान दिनुभयो। तिनीहरूमा मैले कतै पनि प्राणी हिंसा गरेर कसैलाई भलो हुनेछ, भनिराखेको भेट्टाइन। तर हजुरहरूले भने राजालाई 'यज्ञ गर्नुपर्छ' भन्नुभयो, यो किन होला ? (आचरिय ! तुम्हेहि मयं तयो वेदे उगण्हापिता, ननु तेसं एकं मारेत्वा एकस्स सोत्थि कामस्स करणं नाम नत्थीति) ?"

"हे तात यसो गरायो भने पो हामीसँग पनि धन हुनेछ, खाने, लाउने पनि धेरै हुनेछ। तिमी त राजाको ढुकुटीको रक्षक जस्तो देखिन्छ। ("तात ! इमिना उपायेन अम्हाकं बहुं धनं उप्पज्जिस्सति, त्वं पन रञ्ञो धनं रक्खितु कामो मञ्ञासी ति।")

Downloaded from http://dhamma.digital

"भो गुरु, त्यस्तो हो भने, त्यस कामबाट म प्रसन्न छुइँन, तपाइँले हेरेर मुनासिब गर्नुहोला। तपाइँकहाँ बसेर मलाई केही प्रयोजन छैन।" भनी माणवक डुल्दै राज्योद्यान पुगे।

त्यसै दिनमा बोधिसत्त्व पनि, 'आज म नगरतर्फ गएँ भने बन्धनमा परिराखेका प्राणीहरूलाई उद्धार गर्न सकिन्छ।' भन्ने जानी आकाश मार्गबाट वाराणसी राजाको राज्योद्यानमा गएर एउटा शिलामा सुवर्ण-मूर्ति झैं बसिराख्नु भएको थियो। माणवक बोधिसत्त्वको अगाडि पुगे। वन्दना गरेर बसिसकेपछि उहाँसित कुशलक्षेम (सञ्चो विसञ्चो) को कुराकानि गरे। बोधिसत्त्वले मधुरतापूर्वक उत्तर दिई भने—

"माणवक ! यहाँको राजाले राजकाज राम्रोसँग चलाइरहेको छ ?"

"भन्ते ! राजा त धार्मिक नै छ। किन्तु पुरोहितहरूले वहाँलाई अलि नराम्रो बाटोमा लगिराखेका छन्। केही दिन पूर्व राजाले १६ वटा सपनाहरू देखेका थिए। राजाले त्यस सम्बन्धी कुरा पुरोहितहरूलाई सुनाए। उनीहरूले सपनाको कुफलबाट मुक्ति पाउन 'प्राणी हिंसा गरेर यज्ञ गर्नुपर्दछ।' भनी त्यसमा लागिरहनु भएको छ। तपाइँ जस्तो विद्वान् ऋषिमुनिहरूले राजाको सपनाको फल सुनाई, भयभीत भइराखने सारा अशरण प्राणीहरूलाई मुक्त गरी दिनु उचित होला।"

Downloaded from http://dhamma.digital

"माणवक ! म राजालाई राम्ररी चिन्दिन। राजाले पनि मलाई चिन्दैनन्। यदि राजा यहाँ आएर सपना बारेमा सोधे अवश्य पनि मैले त्यसको फलाफल यथार्थ सुनाइदिनेछु।"

"त्यसोभए भन्ते ! म राजालाई यहाँ लिएर आउँछु। तपाइँ एकछिन यहिं बसिराख्नुस।" भनी माणवक राजाकहाँ पुगी यसरी बिन्ती चढाए—

"महाराज ! आकाशमा उड्न सक्ने तपस्वी एकजना हजुरको उद्यानमा आइराख्नु भएको छ। उहाँले "तपाइँले देख्नु भएको सपनाको अर्थ बताउँछु।" भन्नु भएको छ।

माणवकको कुरा सुनेर राजा त्यतिनैखेर लाँवालस्कर-सहित त्यस उद्यानमा पुगे। राजाले बोधिसत्त्वलाई वन्दना गर्दै यसो भने—

"भन्ते ! तपाइंलाई मैले देखेको सपनाको अर्थ थाहा छ ?"

"थाहा छ, महाराज।"

"त्यसोभएदेखि आज्ञा होस्।"

"हुन्छ, महाराज ! म सुनाउँछु, तर पहिला तपाइँले कस्तो सपना देख्नु भएको थियो त्योनि भन्नुहोस्।"

"हवस् भन्ते !" भनी राजाले आफूले देखेको सपनाको कुरा सुनाउँदा शुरूमा यसो भने—

Downloaded from http://dhamma.digital

"उसभा रुक्खा गावियो गवा च
अस्सो कंसो सिगालि च कुम्भो
पोक्खरणी च अपाक चन्दनं
लापूनि सीदन्ति सिला प्लवन्ति
मण्डूकियो कण्हसप्पे गिलन्ति
काकं सुवण्णा परिवारयन्ति
तसावका एलकानं भया हि।"

[वृषभ, वृक्ष, गाई, गोरु, घोडा, सुनको थाल, स्याल, गाग्री, पोखरी, कांचो चन्दन, तुंबा डुब्ने, ढुङ्गा उत्रने, भ्यागुतोहरूले काला सर्पहरू खाने, राजहाँसहरू कागहरूको पछिपछि लाग्ने बाख्रीदेखि बाघ तर्सिने।]

त्यसपछि राजाले स्वप्नको एउटा–एउटा कुरालाई क्रमैसित यसरी भने—

(१) भन्ते! पहिलो स्वप्न हो— ४ काला साँढेहरू ४ दिशाबाट लड्नको लागि राजदरबारको आँगनमा जम्मा हुन आए। 'साँढे जुधाई हेर्ने' भनेर मानिसहरू पनि त्यहाँ आए। साँढेहरू जुध्नलाई तयार हुँदै, नाद गर्दै आए तर तिनीहरू नलडिकनै फर्केर गए। यो मैले देखेको प्रथम सपना हो। यसको के फल होला?"

Downloaded from http://dhamma.digital

"महाराज ! यस सपनाको फल न तपाईंको समयमा होला, न मेरो समयमानै। किन्तु भविष्यमा अधार्मिक तथा कपटी राजाहरू र अधार्मिक मानिसहरूको पालामा मिल्लान्। भविष्यमा लोक बदलेर जानेछ। त्यसबखत धर्म कम हुन्छ; अधर्म बढ्दछ। लोकको अवनति हुनेछ; वर्षा राम्ररी हुने छैन। बादल छाँटिएर जानेछ; धानको बोट आदि सुकिएर जानेछ। दुर्भिक्ष हुनेछ। त्यस्तो समयमा चारै दिशाबाट पानी पर्ने बेला जस्तो बादलले ढाक्नेछ। आईमाईहरूले सुकाउनलाई राखेको 'धान' भिज्याउने छन्। घरहरू बनाउनलाई औजारहरू उठाई ज्यामीहरू बाहिर निस्कने बेलामा कतिनै बेस्सरी पानी पर्ने बेला जस्तो गरी बादल गर्जिनेछ, बिजुली चम्कनेछ, परन्तु जुध्नको लागि आएका साँढेहरू फर्केर गए जस्तै ती सबै बादल हटिएर जानेछन्; पानी पर्ने छैन। महाराज, यो यसको फल हो। तपाईंलाई यसबाट केही बिघ्न हुने छैन। यो जुन सपना तपाईंले देख्नु भएको छ, त्यो भविष्य सम्बन्धी छ। पुरोहितहरूले केवल तिनीहरूको जीविकाको निम्ति यज्ञ गर्नुपर्छ भनेका हुन्।"

यसप्रकारले प्रथम सपनाको अर्थ सुनाई बोधिसत्त्वले "दोस्रो सपनाको कुरा सुनाउनुहोस्" भने। राजाले भने—

(२) "भन्ते ! दोस्रो सपना यस्तो छ— साना-साना रूख तथा बिरुवाहरू पृथ्वीबाट बाहिर निस्की एक हात जति

Downloaded from http://dhamma.digital

माथि जान नपाउँदै त्यसमा फूलहरू फुले, फलहरू फले। यसको फल के होला ?"

"महाराज ! यसको फल लोकको अवनति हुने बेलामा मानिसहरूको आयु घट्नेछ। अनागते (भविष्यमा) सत्वहरूको राग बढ्नेछ। उमेर नपुग्दै केटीहरू केटाहरूसँग लागी बिग्रिनेछन्। त्यसरी बिग्रिसकेपछि मात्रै रजस्वला हुनेछ। सन्तानहरू धेरै जन्माउने छन्। साना-साना बोट बिरुवाहरूमा कोपिलाहरू पलाए झैं ती केटीहरूको रजस्वला हुनेछ। फूल फुले झैं, फल फले झैं तिनीहरूका सन्तानहरू हुने छन्। यसकारणले पनि तपाईंलाई केही हानि हुने छैन। तेस्रो सपनाको कुरा सुनाउनुहोस्।"

(३) "भन्ते ! जुन दिनमा गाईको जन्म भयो, सोही दिन बहरहरूले त्यस गाईको दूध पिए। यो तेस्रो सपना हो। यसको के फल होला ?"

"महाराज ! यसको फल पनि अनागतमा आफूभन्दा ठूला-बडाहरूको आदर-सत्कार गर्न छोडेर ल्याउने बेलामा हुन्छ। अनागतमा मानिसहरू आमा-बाबु र सासु-ससुरादेखि लाज मान्ने छैनन्। आ-आफैले कुटुम्ब पाल्नेछन्। आदर गर्नुपर्नेहरूलाई मन परे अन्न अलिकति दिनेछन्, मन नपरे त्यो पनि दिने छैनन्। बुढाबूढीहरू अनाथ हुनेछन्; पराधीन हुनेछन। त्यही दिनमा जन्मेको गाईको दूध बहरहरूले पिए

Downloaded from http://dhamma.digital

जस्तै, वृद्धहरूले केटाकेटीहरूको चाकडी गरेर जीविका गर्नुपर्ने हुन्छ। यसको कारणले पनि तपाईँलाई केही हानी हुनेछैन। चौथो सपनाको कुरा सुनाउनुहोस्।

(४) "भन्ते ! तान्न सक्ने, बोक्न सक्ने, ठूला गोरुहरूलाई युग-परम्परा अनुसार हलो जोत्न नलगाई, जवान गोरुहरूलाई हलो जोत्न लगाइयो। उनीहरू तान्न नसकेर त्यसै उभिराखे; जोत्न सकेनन्। यो चौथो सपना हो। यसको फल के होला ?"

"महाराज ! यसको फल पनि अनागतमा, अधार्मिक राजाहरू हुने बेलामा देखिनेछन्। अनागतमा अधार्मिक र कपटी राजाहरूले, पण्डितहरू, परम्परादेखि चल्दै आइराखेका, काम-कुरा सफल पार्ने सामर्थ्य हुनेहरू, बुद्धिवान्हरूलाई यश (राजपद) दिने छैन। धर्मसभा तथा न्यायालयमा पण्डितहरू, व्यवहारमा निपुण भएकाहरू तथा वृद्ध अमात्यहरूलाई (मन्त्रीगण) राखिने छैन। किन्तु यसको विपरित जवान व्यक्तिहरूलाई यश दिने छन। तिनीहरू जस्तालाई नै न्यायालयमा राखिनेछन्। उनीहरूले राजकार्य र योग्यायोग्य राम्ररी छुट्याउन नसकी आफ्नो यशको रक्षा गर्न सक्ने छैनन्; न त राजकार्य नै निपुण भएर गर्न सक्नेछन्। उनीहरूले काम-कुरा छाड्ने छन्। वृद्धहरूले पनि यश प्राप्त नहुनाले काम-कुरो राम्ररी गर्न सके पनि, "हामीहरू बाहिरका

Downloaded from http://dhamma.digital

भइहाल्यौं, भित्रका तरुणहरूले नै गर्नेछन्।" भनी चुप लागिबिनेछन्। यसप्रकारले राजाहरूको सर्वत्र हानी हुनेछन्। तसर्थ गोरुहरूलाई जोत्न नलगाई कलिला जवान गोरुहरूलाई जोत्न लगाए झैं हुनेछन्। यसको कारणले पनि तपाईंलाई केही हानि हुने छैन। पाँचौं सपनाको कुरा सुनाउनुहोस्।"

(५) "भन्ते ! दुईवटा मुख भएको एउटा घोडालाई दुबैतिरबाट दाना दिइराखेको थियो। उसले दुबै मुखबाट दुबैतिरको दाना खायो। यो पाँचौं सपना हो। यसको के फल होला ?"

"महाराज ! यसको फल पनि अनागतमा अधार्मिक राजाहरूको पालामा हुनेछ। अनागतमा अधार्मिक मूर्ख राजाहरूले, अधर्मी र लोभीहरूलाई न्यायाधिश बनाउने छन्। उनीहरूले वादी, प्रतिवादी दुबैतर्फबाट घूस खाने छन्—सपनाको दुईवटा मुख भएको घोडाले दुबैतिरबाट खाए झैं। यसको कारणले पनि तपाईंलाई केही हानि हुने छैन। छैठौं सपनाको बारेमा सुनाउनुहोस्।"

(६) "भन्ते ! मानिसहरूले हजार रूपियाँ मूल्य पर्ने सुनको थाल एउटा सफा हुने गरी पखालेर ल्याएर एउटा बूढो स्याललाई, "यसमा मुत।" भनी राखिदिए। स्यालले त्यसमा मुत्यो। यो छैठौं सपना हो। यसको फल के होला ?"

Downloaded from http://dhamma.digital

"महाराज ! यसको फल पनि अनागतमा हुनेछ। अनागतमा अधर्मी र बेजाति राजाहरूले जातिवान कुलपुत्रहरूऊपर शङ्का राखी उनीहरूलाई यश दिने छैनन्। अकुलीनहरूको वृद्धि गर्ने छन्। यसप्रकारले महान कुलका व्यक्तिहरूलाई दुर्गति (=विनाश) प्राप्त हुनेछ र नीचकुलका व्यक्तिहरूलाई ऐश्वर्य प्राप्त हुनेछ। महान कुलका मानिसहरूले जीविका गर्न नसकी, "यिनीहरूको आश्रय लिएर जीविका गर्नुपर्‍यो" भनी अकुलीनहरूलाई आफ्ना छोरीहरू दिने छन्। यस रूपले बूढो स्यालले सुनको थालमा मुते झैं, कुलिन केटीहरू अकुलीन पुरुषहरूसित बस्नेछन्। यसको कारणले पनि तपाईंलाई हानि हुने छैन। सातौं सपनाको कुरा सुनाउनुहोस्।"

(७) "भन्ते ! एकजना मान्छेले डोरी बाटेर खुट्टामुनि राख्यो। ऊ बसेको पिर्कामुनि एउटा भोकाएको स्याल थियो। त्यसले बाटेको डोरी जति सबै खाइदियो। यो सातौं सपना हो। यसको फल के होला ?"

"महाराज ! यसको फल पनि अनागतमै मिल्नेछ। अनागतमा स्त्रीहरू पुरुष–लोभी, रक्स्याही, अलङ्कार लोभी, घुम्न जानेमा मात्र मन दिने, वस्तु–प्राप्तितिर मात्र लाग्ने, दुश्शील एवं दुराचारी हुनेछ। घरका लोग्नेमान्छेहरूले खेतमा काम गरेर, गाईहरू पालेर मुश्किलले कमाइराखेको धन

Downloaded from http://dhamma.digital

लिएर स्त्रीहरू परपुरुषसित जाँड, रक्सि खाएर, माला-गन्ध विलेपन गरेर मज्जा गरी हिँड्ने छन्। घरका आवश्यक कामहरूप्रति पनि ध्यान दिने छैनन्। घरको पर्खालमा बसेर भए पनि अरू–अरू ठाउँबाट भए पनि आफ्ना नाठाहरूलाई चियाई रहने छन्। "भोलि खेतमा छर्नलाई चाहिन्छ" भनी राखेको धान समेत आजै खाई सिध्याउने छन् – पिर्कामुनिको भोको श्यालले डोरी खाए जस्तै। यसको कारणबाट पनि तपाइँको केही हानि हुने छैन। आठौं सपनाको कुरा सुनाउनुहोस्।"

(८) "भन्ते! राजद्वारमा धेरै रित्ता घडाहरूको बीचमा एउटा भरेको घडा देखें। त्यहाँ ४ वर्णका मानिसहरूले ४ दिशाहरू र ४ अनुदिशाहरूबाट पानी ल्याएर भरेको घडामा खन्याए। रित्ता घडाहरूलाई कसैले ध्यानसम्म दिएनन्। यो मैले देखेका सपनाहरूमध्ये आठौं हो। यसको फल के होला?"

"महाराज! यसको फल पनि अनागतमै पाउनेछ। त्यस समयमा लोकको अवनति हुनेछ। राष्ट्र सारहीन हुनेछ। राजाहरू गरीब (=कपटी) हुने छन्। ऐश्वर्यशाली व्यक्तिको ढुकुटीमा केवल १ लाख रूपियाँ हुने छ। यसप्रकारले गरीब भएर उनीहरूले जनपदका सबै मानिसहरूलाई आ-आफ्ना कामहरू गराउन लगाउने छन्। पीडित जनताहरूले आफ्ना

Downloaded from http://dhamma.digital

कामहरू छाडेर राजाको काममा लाग्नेछन्। पूर्व अन्न (=आषाढमा छर्नको लागि राखिएको धान), अपर अन्न (=श्रावणमा छर्नको लागि राखिएको धान) उनीहरूले नै छर्नेछन्। पालो बस्ने, धान काट्ने, डाँई गर्ने, ओसार्ने, उखु रोप्ने, यन्त्रहरू बनाउने र चलाउने, चाकु बनाउने आदि काम पनि उनीहरूले नै गर्नेछन्। अन्नहरूले राजाको भकारी भरिदिनेछन। आफ्नो घरको रित्तो भकारी हेर्ने कोही हुने छैनन्। खाली गाग्रोमा नहेरी भरेको गाग्रोमा मात्र नअटाउने गरी पानी हालेको जस्तो हुनेछ। यसको कारणले पनि तपाईंको केही हानि हुने छैन। नवौं सपनामा के भयो सुनाउनुहोस्।"

(६) "भन्ते! पाँच प्रकारका कमलहरूले भरिपूर्ण भएको सबैतिर नुहाउने ठाउँहरू (=तीर्थहरू) भएको एउटा गम्भीर पोखरी देखें। त्यहाँ दुई खुट्टे, चार खुट्टे पशुहरू आएर चारैतिर बसेर पानी पिइरहे। पोखरीको माझमा भएको खाल्डोमा भने पानी फोहर थियो, तर ती पशुहरूले पानी खाइरहेको ठाउँमा भने पानी सफा थियो। नवौं सपना यही हो। यसको फलको बारेमा भन्नुहोस्।"

"महाराज! यसको फल पनि अनागतमा मिल्नेछ। त्यसबखतमा राजाहरू अधर्मी हुने छन्; पक्षपातपूर्ण राज्य चलाउने छन्। धर्मानुसार न्याय–निसाफ गरेको देख्ने छैनन्। घूस खानेहरू बढ्ने छन्, अरूप्रति लोभ गर्नेहरू बढ्ने छन्।

Downloaded from http://dhamma.digital

राष्ट्रवादीहरूप्रति क्षान्ति, मैत्री, दया भनेको अलिकति पनि हुने छैन; निर्दयी एवं कठोर हुनेछ। उखु पेल्ने यन्त्रमा राखेर उखुलाई पेले झैं मानिसहरूलाई पनि अनेक प्रकारका करहरूले पेल्नेछन्, जुन तिर्न उनीहरू असमर्थ हुनेछन्। ग्राम निगम छाडी उनीहरू सीमातर्फ बस्न जानेछन्, मध्यम जनपद (=युक्त प्राप्त) शून्य हुनेछ—पोखरीको बीचको पानी फोहर भएर किनाराको पानी स्वच्छ भए झैं। यसको कारणले पनि तपाईंको बिघ्न हुनेछैन। अब दशौं सपनाको बारेमा भन्नुहोस्।"

(१०) "भन्ते! एउटै भाँडोमा पकाएको भात ३ किसिमको हुनगयो—अलग-अलग भाग लगाएर तीन प्रकारले पकाएको जस्तै। एक भाग भात काँचै, अर्को भाग चुरो नमरेको र तेस्रो भाग राम्ररी पाकेको थियो। दशौं सपना यही हो। यसको परिणाम भन्नुहोस्।"

"महाराज! यसको परिणाम भविष्यमा आउँनेछ। भविष्यमा राजाहरू अधर्मी हुनेछन्। राजा अधर्मी हुँदा राजकर्मचारीहरू, ब्राह्मण-गृहस्थीहरू, निगम, जनपदका जनताहरू, श्रमण-ब्राह्मणहरू सहित सबै जनताहरू अधर्मी हुनेछन्। अनि उनीहरूका रक्षक देवता, बलिग्राहक देवता, वृक्ष देवता तथा आकाशमा बस्ने देवताहरू आदि सकल देवताहरू अधर्मी हुनेछन्। अधर्मी राजाको राज्यमा विषम, कडा हावा चल्नेछ। त्यसकारण आकाशमा उडिराखेको

Downloaded from http://dhamma.digital

विमानको कम्पन हुनेछ। विमान कम्पन हुँदा त्यसमा बसेका देवताहरू रिसाउनेछन्; अनि वर्षा हुनेछैन। यस्तै प्रकारले जनपद, ग्राम, दह, पोखरीमा वर्षा हुनेछैन। दहको मास्तिर पानी परे दहको मुनितिर पानी पर्नेछैन; मुनितिर पानी परे मास्तिर पर्नेछैन। कुनै भागमा अति वृष्टिले बाली बिगार्नेछ भने अर्को भागमा सुख्खाले सताउनेछ। कुनै भागमा ठीक वर्षाले बाली सप्रनेछ। एउटै राज्यमा तीन प्रकारको बाली हुनेछ—एउटै भाँडोमा तीन प्रकारको भात बने जस्तै। यसको कारणले तपाईंमाथि केही भय आइपर्ने छैन। एघारौं सपनामा के भयो सुनाउनुहोस्।"

(११) "भन्ते! एक लाख मोल पर्ने श्रीखण्डको सार, कुहिसकेको महीसित साटिलिए। यो मेरो एघारौं सपना हो। यसको फल के हुने हो?"

"महाराज! यसको फल भविष्यमा शाक्यमुनि बुद्धको शासन सिद्धिने बेलामा हुनेछ। भविष्यमा प्रत्यय (=वस्तु) लोभी, निर्लज्जी भिक्षुहरू धेरै हुनेछन्। उनीहरूले भगवान् बुद्धले जुन उपदेश "वस्तु-लोभ त्याग्नु पर्दछ।" भनी बताउनु भएकोछ त्यही उपदेशलाई चीवरादि वस्तुको आशा लिई अरूलाई बताउनेछन्। प्रत्ययको आशा नलिई संसारबाट उत्तीर्ण हुने लक्ष लिएर, निर्वाण अगाडि राखी धर्मोपदेश गर्न सक्नेछैनन्। यसको उल्टो "मेरो मधुर स्वरको उपदेश सुनी

Downloaded from http://dhamma.digital

मानिसहरू मलाई चिवरादि दान दिनेछन् ।" भन्ने आशा राखी धर्मोपदेश गर्नेछन् । फेरि कोही भिक्षुहरूले डोबाटो, चौबाटो, राजद्वार वा अरू नै ठाउँमा बसी कार्षापण, धर्मपाद, मासक र रूपी (यी सबै बुद्धको पालामा रुपियाँ, पैसाहरू हुन्) आदिको कारणमा धर्मोपदेश गर्नेछन् । यस प्रकारले भिक्षुहरूले निर्वाण उद्देश्य बनाई बताइराखेको धर्मलाई चतुप्रत्यय र मूल्यको कारणमा आदेश गर्नेछन्—एक लाख मोल पर्ने चन्दन सार, कुहिसकेको महीसित साटिलिए जस्तै । यसको कारणले तपाइँलाई हानि हुनेछैन । बाह्रौं सपनाको कुरा सुनाउनुहोस् ।"

(१२) "भन्ते ! खोक्रो लौका (=तुंबा) नदीमा डुब्यो । यसको फल के होला ?"

"महाराज ! यसको फल पनि पछिका राजाहरू, जो कि अधर्मी हुनेछन्, को पालामा लोक परिवर्तन भएर आउने बेलामा हुन्छ । त्यस समयका राजाहरूले कुलीन पुत्रहरूलाई यश दिनेछैनन्, अकुलीनहरूलाई मात्र यश दिनेछन् । यसरी अकुलीन पुत्रहरूलाई ऐश्वर्य प्राप्त भई कुलीन पुत्रहरू दरिद्र हुनेछन् । राजाको अगाडि, राजद्वारमा, अमात्यहरूको (मन्त्रीगण) अगाडि र न्यायालयमा पनि खोक्रो लौका पानीमा डुबे झैं उनीहरूकै कुरा स्थिर, निश्चल, सुप्रतिष्ठित हुनेछ । सङ्घ सभामा पनि, सङ्घ र

Downloaded from http://dhamma.digital

गणहरूको कार्यशाला, पात्र चीवर परिवेणादि सम्बन्धमा र न्याय गर्ने ठाउँमा पनि दुश्शील पापकारीहरूकै मात्र वचन कल्याण ठानी मान्यता दिनेछन्। लज्जावान् भिक्षुहरूको वचन कल्याणकारी सम्झने छैनन्। यसप्रकारले सबै ठाउँमा खोक्रो लौका पानीमा डुबे झैं हुनेछ। यसको कारणबाट पनि तपाईंको हानि हुने छैन। अब तेह्रौं सपनाको बारेमा सुनाउनुहोस्।"

(१३) "भन्ते! एउटा कोठा जत्रो ढुङ्गा एउटा, डुङ्गा झैं पानीमा उत्रिराख्यो। यसको फल के होला?"

"महाराज! यसको फल पनि त्यस्तै समयमा आउनेछ। त्यस समयमा अधर्मी राजाहरूले अकुलीनहरूलाई यश दिनेछन्। यिनीहरू ऐश्वर्यशाली हुनेछन्। कुलीन वर्गहरू दरिद्र हुनेछन्, औ यिनीहरूप्रति कसैले गौरव राख्नेछैन। राजाको अगाडि, अमात्यहरूको (मन्त्रीगण) अगाडि तथा न्यायालयमा न्याय गर्ने खुबी राख्ने, ठूलो ढुङ्गा जस्तो समर्थ कुलपुत्रहरूको कुरालाई प्रमाण मानेर प्रतिष्ठित गर्नेछैनन्। यिनीहरूले केही बोले कि ती दुष्टहरूले "के भनिराखेका होला?!" भनी हिस्याउने मात्र छन्। भिक्षुहरूको सभामा पनि माथि बताइएका सबै ठाउँहरूमा, शिक्षाकामी शीलवान् भिक्षुहरूलाई गौरव, मान, आदर राख्नेछैनन्। न यिनीहरूको कुरालाई प्रमाण नै मान्नेछन्—मानौं, ठूलो ढुङ्गा पानीमा

Downloaded from http://dhamma.digital

उत्ने झैं। यसको कारणले तपाईँलाई केही हानि पुग्ने छैन। चौधौं सपनाको बारेमा भन्नुहोस्।"

(१४) "भन्ते! घर–माउरी जत्रो भ्यागुताहरूले ठूला–ठूला कालसर्पहरूलाई बेगले लखेटेर कमलको डाँठ सरह टुक्रा–टुक्रा पारिदिए। यसको फल के होला?"

"महाराज! यसको फल पनि संसारको विनाश हुने बेलामा हुनेछ। त्यसबेला मानिसहरू सुसाद्धे रोगी हुने छन्। क्लेशको कारणले युवकहरू आ-आफ्ना स्त्रीहरूको वशमा बस्ने छन्। घरका दास कर्मचारी, गाई, भैंसी आदि र सुन–चाँदी सबै उनीहरूको अधीनमा हुनेछन्। 'फलानो सुन–चाँदी, मोती आदि कता छ?' भनी लोग्नेहरूले सोद्धा, "जहाँ भएपनि तिमीलाई केको वास्ता? मेरो घरमा 'यो छ, यो छैन' भनी जान्न आउने भयो हैन तिमी?" भनी अनेक प्रकारले गालि गरी वचनरूपी वाणले घोची, नोकर–चाकरहरूलाई आफ्नो वशमा लिनेछन्— मानौं, घर माहुरी जत्रो भ्यागुताहरूलाई बच्चाहरूले घोर विष हुने कालसर्पहरूलाई निलेर पठाए झैं। यसको कारणले पनि तपाईंको केही भय छैन। पन्ध्रौं स्वप्नको कुरा सुनाउनुहोस्।"

(१५) "भन्ते! कञ्चन वर्णको कारणले 'सुवर्ण हाँस' हरूले १० वटा सद्धर्मले युक्त, गाउँमा आहारा खोज्न जाने कागहरूको परिक्रमा गरिराखे।"

Downloaded from http://dhamma.digital

"महाराज ! यसको फल पनि अनागतमा राजाहरू हस्ति आदि शील्पमा दक्ष हुने छैन, युद्ध कलामा विशारद हुने छैन। आपनो राज्यमा विपद पर्ने आशङ्काले राजाहरूले समान जातिका कुलपुत्रहरूलाई ऐश्वर्य नदिई, आफ्नो खुट्टामुनि बस्ने नाउ र सुचिकारहरूलाई ऐश्वर्य दिनेछन्। जाति, गोत्र सम्पन्न कुलपुत्रहरू राजकुलमा प्रतिष्ठा नभई, जीविकाको निम्ति ती ऐश्वर्यवान् जाति, गोत्रहीन अकुलीनहरूको सेवा गर्नेछन्। सुवर्ण हंसहरूले कागहरूलाई घुमिरहे झैं हुनेछन्। यसको कारण तपाईंमाथि कुनै भय छैन। सोह्रौं सपनाको कुरा सुनाउनुहोस्।"

(१६) भन्ते ! बाघहरू बाख्रीहरूलाई खान्छन्, तर मेरो सोह्रौ सपनामा मैले बाख्रीहरूले बाघलाई लखेड्दै भेट्टाएर घाँस चपाए झैं चपाएको देखें। अरू बाख्रा, भेंडाहरू त्यो दृश्यदेखि तर्सिएर बाक्ला झाडीहरूमा लुक्न गए। यो सोह्रौं सपना हो। यसको फल के होला ?"

"महाराज ! यसको फल पनि भविष्यमा अधर्मी राजाहरूको पालामा मिल्नेछ। त्यस समयमा अकुलीन राजपुरुषहरू ऐश्वर्यशाली हुने छन्; कुलीन मानिसहरू अप्रसिद्ध एवं दरिद्र हुने छन्। राजपुरुषहरू राजालाई कुरा सुनाई विश्वासी बनिराख्ने छन्; न्यायालय आदि स्थानहरूमा पनि आफ्नो शक्ति मजबूत पारिराख्ने छन्। कुलीन

Downloaded from http://dhamma.digital

मानिसहरूको परम्परादेखि चल्दै आइरहेको खेत, बाली, घर आदि वस्तु "हाम्रो हो" भनी अभियोग गरी झगडा उठाउने छन्। वस्तुका धनी कुलीनहरू आई, "यो तिमीहरूको होइन, हाम्रो हो" भनी न्यायालयमा आई वादविवाद गर्ने बेला बेतको लट्ठिले पिट्न लगाई, घाँटी समातेर निकाल्न लगाई, "तिमीहरूलाई आ-आफ्नो प्रमाण थाहा छैन र? जान्ने भएर हामीसित लड्न आउँछौ, अहिले नै राजाकहाँ उजुर गरी हात-खुट्टा भाँच्न लगाउँला!" भनी तर्साउने छन्। यसबाट तर्सी उनीहरू "लिनुहोस्, तपाइँहरूकै हो।" भनी आफ्ना वस्तुहरू छाडी भएभीत हुँदै घर फर्कने छन्। पापी भिक्षुहरूले पनि शीलवान् भिक्षुहरूलाई मनमा आएजस्तै सताउने छन्। शीलबान् भिक्षुहरूलाई बस्ने ठाउँ कतैपनि हुने छैन; उनीहरू जङ्गलमा गई बाक्लो झाडीभित्र पस्नेछन्। यस्तै प्रकारले हीन जातिहरूद्वारा र पापी भिक्षुहरूद्वारा पीडित भई बस्ने कुलपुत्रहरू तथा शिक्षाकामी भिक्षुहरू, बाख्राको डरले बाघ, भालु इत्यादि भागेजस्तै भाग्नछन्। यसको कारणले पनि तपाईंलाई केही हानि हुने छैन। यो सबै सपनाहरू भविष्य सम्बन्धी छन्।

महाराज! पुरोहित ब्राह्मणहरूले तपाईंलाई जुन हिंसा गर्नुपर्ने 'यज्ञ गर्नुपर्छ' भने त्यो केवल "धेरै पैसा आउँछ" भन्ने आशाले र आफ्नो जीवनोपायको कारणले मात्र भनेका हुन्; सत्य ज्ञानले विचार गरेर भनेको होइन। न त

Downloaded from http://dhamma.digital

तपाईंऊपर स्नेह राखी नै भनेका हुन्। यो सपनाको फल सबै अहिले नभै भविष्यमा आउने छ। यज्ञादि हिंसा–कर्म गर्नुपर्ने छैन। किनभने—यस सपनाको फल लोक परिवर्तन भएर आउने बखत, अकारणलाई कारण, कारणलाई अकारण, अभूतलाई भूत, भूत (=सत्य) लाई अभूत (=असत्य) भन्ने बखतमा, अलज्जीहरू धेरै भएर आउने बखतमा हुनेछ। न तपाईंको समय, न मेरो समय, न त यस वर्तमान मनुष्य युगमा यसको फल आउने छ। त्यसैले महाराज ! जुन तपाईंले सपनाको दोष हटाई पठाउँछु भनी यज्ञ कर्मको तयारी गर्न लगाउनुभयो, त्यस कार्य उल्टो भएको छ; त्यसको रोक लगाउनुहोस्। कुनै प्राणीको प्राण लिएर अरू कसैको भलो हुने छैन। शान्तिको खातिर त्यस कार्य गर्नु कुनै औचित्य छैन। सपनाको कारण तपाईंमाथि कुनै भय उत्पन्न हुने छैन।"

यसप्रकार बोधिसत्वले राजालाई आश्वासन दिई बन्धनमा परेका प्राणीहरूलाई मुक्त गरी, आकाशमा रही, "महाराज ! अबदेखि पुरोहितहरूको कुरा सुनी हिंसा गरी यज्ञपट्टि नलाग्नुहोस्" भनी धर्मोपदेश गरे। राजालाई पञ्चशीलमा प्रतिष्ठित गरी बोधिसत्व आकाश मार्गबाटै आफ्नो स्थानमा फर्के।

राजाले पनि पञ्चशीलको पालना गरी, दानादि पुण्य कार्य गरी, यथाकर्म परलोक गए।

Downloaded from http://dhamma.digital

यसरी समन्त भद्रले कोशल नरेशलाई १६ वटा सपनाहरूको परिणाम कुरा सुनाई, त्यस महास्वप्न सम्बन्धी केही भय लिनु पर्दैन भनी सान्त्वना दिई, मरणभयले त्रसित सबै अशरण प्राणीहरूलाई अभय दान दिई, पूरै देशमा शान्तिको हावा चलाउँदै, यज्ञको रोक लगाउँदै, वर्तमान घटनासित अतीतका कुरा जोड्दै त्यस समय राजा भइराख्ने अहिलेका आनन्द हुन्, माणवक सारिपुत्र हुन् तथा तपस्वी भैराख्ने 'मै हुँ' भनी उपदेशमालाको अन्त्य गर्नुभयो। भगवान्को कुराद्वारा सबैलाई आनन्द प्राप्त भयो।

—सिद्धिरस्तु—

* * *

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## ( नेपाल भाषा )

(१) बुद्धया झिनिगू विपाक
(२) अभिधर्म भाग–१, २
(४) मैत्री भावना
(५) ऋद्धि प्रातिहार्य
(६) योम्ह म्ह्याय्
(७) पञ्चनीवरण
(८) बुद्ध धर्म
(९) भावना
(१०) एकताया ता:चा
(११) प्रेमं छु ज्वी ?
(१२) कर्तव्य
(१३) भिखा
(१४) बुद्धया अन्तिम यात्रा १, २
(१६) त्रिरत्न गुण स्मरण
(१७) परित्राण
(१८) कर्म
(१९) प्रार्थना संग्रह
(२०) बाखँ
भाग–१, २, ३, ४, ५, ६
(२६) बोधिसत्व
(२७) शाक्यमुनि बुद्ध
(२८) अनत्त लक्खण सुत्त
(२९) वासेट्ठी थेरी
(३०) धम्म चक्कप्पवत्तन सुत्त
(३१) लक्ष्मी छो
(३२) महास्वप्न जातक
(३३) बाखँया फल भाग–१, २
(३५) जातक बाखँ
(३६) राहुलयात उपदेश
(३७) अहिंसाया विजय
(३८) प्रौढ बौद्ध कक्षा
(३९) मूर्खम्ह पासा मज्यू
(४०) बुद्धया अर्थनीति
(४१) श्रमण नारद
(४२) क्षान्ति व मैत्री
(४३) उखानया बाखँ पुच:
(४४) पालि भाषा अवतरण–१
(४५) मत्ति भिंसा गति भिनी
(४६) बौद्ध ध्यान भाग–१, २
(४८) हृदय परिवर्तन
(४९) ह्लापांयाम्ह गुरु सु ? द्वि.
(५०) अभिधर्म
(५१) सप्तरत्न धन
(५२) महासति पट्ठान सूत्र
(५३) शान्तिया ल्वा:थ
(५४) चरित्र पुच: भाग–१, २
(५६) बुद्ध व शिक्षा (क)
(५७) बौद्ध ध्यान

Downloaded from http://dhamma.digital

(५८) किसा गौतमी
(५९) जप पाठ व ध्यान
(६०) लुम्बिनी विपस्सना
(६१) विश्व धर्म प्रचार देशना भाग–१, २
(६३) योगीया चिट्ठी
(६४) जातक माला भाग–१, २
(६६) संक्षिप्त भावना
(६७) महानारद जातक
(६८) पालि प्रवेश भाग–१, २
(७०) चमत्कार
(७१) मणिचूड जातक
(७२) महाजनक जातक
(७३) गृही–विनय तृ. सं.
(७४) बुद्ध व शिक्षा (ख)
(७५) बुद्ध–जीवनी
(७६) सर्वज्ञ भाग–१, २
(७८) धम्मपद कविता
(७९) धर्म मसीनि
(८०) दान
(८१) तेमिय जातक
(८२) वम्मिक सुत्त
(८३) मध्यम मार्ग
(८४) महासीहनादसुत्तं
(८५) भिम्ह म्ह्याय् व काय्
(८६) भिक्षु जीवन
(८७) भिम्ह मचा
(८८) विवेक–बुद्धि
(८९) स्वास्थ्य लाभ
(९०) शिक्षा भाग–१, २, ३, ४
(९४) दृष्टि व तृष्णा
(९५) विपस्सना ध्यान
(९६) म्हंगः लाइम्ह लाखे
(९७) सतिपट्ठान भावना
(९८) गौतम बुद्ध
(९९) धम्मपद व्याख्या भाग–१
(१००) धम्मपदया बाखं
(१०१) त्रिरत्न वन्दना व सूत्र पुष्प
(१०२) त्रिरत्न वन्दना व पञ्चशील
(१०३) संसारया स्वापू
(१०४) धम्मपद (पाली)
(१०५) त्रिरत्न वन्दना व परित्राण
(१०६) आदर्श बौद्ध महिलापिं
(१०७) बौद्ध नैतिक शिक्षा
(१०८) वेस्सन्तर जातक
(१०९) दिर्घायु जुइमा
(११०) पालिभाषावतरण भाग–२
(१११) त्रिरत्न गुण लुमंके
(११२) निर्वाण
(११३) मनूतय्गुपह

---

मुद्रक– नेपाल प्रेस, शुक्रपथ, यें । फोन– २२ १० ३२

Downloaded from http://dhamma.digital